जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १८ • २०८३ साल जेठ २४ गते आइतबार (7 June, Sunday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-


## भौतिक पूर्वाधारमन्त्रीद्वारा कमला पुलको अवलोकन

**टुडे समाचारदाता**

जनकपुरधाम । भौतिक पूर्वाधारमन्त्री सुनिल लम्सालले धनुषा-सिरहाको सीमानामा पर्ने निर्माणाधीन कमला पुलको अवलोकन गरेका छन् ।

भौतिक पूर्वाधारमन्त्री लम्सालले शनिबार निर्माणाधीन कमला पुलको अवलोकन गर्दै ठेकेदारलाई कडा निर्देशनसमेत दिए ।

हुलाकी राजमार्गअन्तर्गत पर्ने निर्माणाधीन पुलको स्थलगत निरीक्षण गर्दै कामलाई तीव्रता दिन मन्त्री लम्सालले निर्देशन दिदैं केही महिनामै पुल सञ्चालनमा ल्याउने गरी कामलाई तीव्रता दिन आग्रह गरे ।

डेढ दशक बितिसक्दा पनि निर्माण सम्पन्न हुन नसकेको कमला पुलका पुनःनिर्माण नहुँदा स्थानीयले लामो समयदेखि सास्ती खेप्दै आएका छन् ।

निर्माणमा भएको ढिलाइ र पुलमा देखिएको क्षतिका कारण दुबैतर्फका स्थानीयवासीले सास्ती भोग्न बाध्य भएका छन् ।

कमला पुल हरेक चुनावमा प्रमुख एजेन्डा बन्ने गरे पनि अहिलेसम्म निर्माण सम्पन्न हुन सकेको छैन ।

स्थानीयले छिटो निर्माण सम्पन्न गर्न सम्बन्धित निकायसंग माग गरे ।

## रास्वपाको मधेश प्रदेशमा विवादै विवाद

# पार्टी भित्रको गुटबन्दीले जिल्लाहरुमा अधिवेशन प्रभावित, सांसदहरुको हस्तक्षेप

**टुडे समाचारदाता**

जनकपुरधाम । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले पहिलो पटक अधिवेशनमार्फत नेतृत्व चयन गर्न लागेका बेला मधेश प्रदेशमा आन्तरिक विवादले जिल्ला अधिवेशनहरु प्रभावित भएको छ ।

बारा जिल्ला अधिवेशनमा विवाद भएपछि नेतृत्व चयन प्रक्रिया अनिश्चितकालका लागि स्थगित भएको छ । रौतहट र पर्सा जिल्लामा शनिबार जिल्ला अधिवेशनको प्रक्रिया प्रारम्भ भए पनि विवादको कारण रोकिएको छ ।

धनुषा जिल्ला पार्टी कार्यालयमा तालाबन्दी गरिएको छ । सिराहा जिल्लामा आइतबार जिल्ला अधिवेशनको समय निर्धारण गरिएको छ । सप्तरी जिल्लाको अधिवेशन २५ गते हुने बताइएको छ । तर श्रम मन्त्री रामजी यादव समूह र फरक समूहबीच विवाद चलिरहेको छ । प्रतिनिधि छनोटमा समेत विवाद देखिएपछि जिल्ला अधिवेशन निर्धारित समयमै हुनेमा आशंका व्यक्त गरिएको छ ।

रास्वपाको प्रथम रौतहट जिल्ला अधिवेशन शनिबार गरुडामा शुरु भए पनि विवादको कारण नेतृत्व चयन प्रक्रिया रोकिएको छ । जिल्ला नेतृत्व सर्वसम्मतबाट चयन गर्न आइतबार बिहानसम्मको समयसीमा तोकिएको छ । बिहान ८ बजे सम्म नेतृत्वको टुंगो लाग्न नसके निर्वाचन प्रक्रियामा जाने जिल्ला सभापति प्रदीप साहले जनाएका छन् ।

जिल्ला सभापति पदका लागि क्षेत्र नम्बर १ का सांसद राजेश चौधरी, वर्तमान सभापति प्रदीप साह र युवा नेता रविन्द्र यादव आकांक्षी देखिएका छन् । यद्यपि पार्टीभित्र वर्तमान सभापति साहलाई पुनः सर्वसम्मत नेतृत्व प्रदान गर्ने विषयमा समेत आन्तरिक छलफल चलिरहेको छ ।

अधिवेशनको पूर्वसन्ध्यामा पार्टीभित्र संस्थापक समूह र पछिल्लो समय अन्य दलबाट प्रवेश गरेका नेताहरूबीच मतभेद रहेको देखिएको छ । संस्थापक पक्षले पार्टी निर्माण र संगठन




विस्तारमा आफ्नो भूमिका महत्वपूर्ण रहेको दाबी गर्दै आएको छ । पछिल्लो समय पार्टी प्रवेश गरेका नेताहरूले आफूहरूमाथि विभेदपूर्ण व्यवहार भएको गुनासो गरेका छन् ।

केन्द्रीय नेतृत्वले पार्टीका सांसदहरुलाई जिल्ला नेतृत्वमा प्रतिष्पर्धा नगर्न भनेको छ । तर हरेक जिल्लामा सांसदहरु नै विवादको कारण देखिएको आरोप लागेको छ । मधेश प्रदेशको सबै जिल्लामा नेतृत्व आफ्नो पक्षमा पार्न सांसदहरु लागिपरेका छन् । सांसदहरुले जिल्लामा प्रभुत्व कायम गर्न नेतृत्वप्रति बढी आकर्षित देखिएको बताइन्छ ।

मधेश प्रदेशको जिल्लाहरुमा अधिवेशन समयमा हुने संभावना कमजोर देखिएको छ । जिल्लामा विवाद हुँदा मधेश प्रदेशको अधिवेशन समेत सर्ने बताइन्छ । अधिकांश जिल्लाहरुमा संस्थापन र नवप्रवेशीहरुबीच बिबाद देखिएको छ ।संस्थापन पक्षले नवप्रवेशीलाई मुल प्रवाहमा आउन नदिने आरोप लागेको छ ।

देशको सबै भन्दा ठूलो दुई तिहाइ नजिकको बहुमत प्राप्त रास्वपाको राष्ट्रिय महाधिवेशन असार ७ देखि ९ गतेसम्म चितवनमा हुँदैछ । महाधिवेशनअघि वडा, पालिका, जिल्ला तथा प्रदेश तहका अधिवेशन सम्पन्न गर्न केन्द्रीय समितिले निर्देशन दिएको हो ।

राजनीतिक विश्लेषकहरूका अनुसार रौतहट अधिवेशनको परिणामले जिल्लामा रास्वपाको आगामी संगठनात्मक दिशा तथा शक्ति सन्तुलन निर्धारण गर्ने भएकाले नेतृत्व चयन प्रक्रियालाई विशेष महत्वका साथ हेरिएको छ ।

देशभरिको ७७ जिल्ला मध्ये ६७ जिल्लामा अधिवेशन शुरु भएको छ । तर कतिपय जिल्लाहरुमा विवादको कारण अधिवेशन स्थगन भएको छ ।१० वटा जिल्लामा भने महाधिवेशनपछि जिल्ला अधिवेशन गरिने सूचना जारी भइसकेको छ ।

वडा र पालिका तहका निर्वाचनहरू सम्पन्न भएसंगै शनिबार र आइतबार देशव्यापी रूपमा जिल्ला अधिवेशन तथा निर्वाचन हुन लागेको रास्वपाले जनाएको छ ।

पार्टीले तदर्थ संरचनाबाट पूर्ण वैधानिक र जनअनुमोदित संरचनामा रूपान्तरण गर्ने अभियान अन्तर्गत केन्द्रीय निर्वाचन आयोगले प्राविधिक तथा व्यवस्थापकीय तयारी पूरा गरी निर्वाचन प्रक्रिया अघि बढाएको छ ।

केन्द्रीय निर्वाचन आयोगका प्रमुख भुवन केसीले जिल्ला अधिवेशनहरू पार्टीको सांगठनिक सुदृढीकरणका लागि महत्वपूर्ण खुड्किलो भएको बताएका छन् । उनले भने, 'हिजोको तदर्थ जिम्मेवारीलाई नै स्थायी मानेर नेतृत्व दाबी गर्ने प्रवृत्तिको अन्त्य स्वच्छ निर्वाचन प्रक्रियाबाटै हुनेछ ।'

निर्वाचनलाई निष्पक्ष बनाउन प्रत्येक जिल्लामा ३ सदस्यीय र प्रदेशमा ५ सदस्यीय निर्वाचन समिति परिचालन गरिएको उनले जानकारी दिए ।

केन्द्रीय निर्वाचन आयोगको पोर्टलका अनुसार ४ हजार २ सय ४६ वडा समितिहरू गठन भइसकेको छ ।त्यसैगरि ५ सय १२ पालिकामा समितिहरू गठन भइसकेको छ ।

जिल्ला अधिवेशनको लागि शनिबार सातवटै प्रदेशका ३८ जिल्लामा र आइतबार विभिन्न प्रदेशका थप २७ जिल्लाहरूमा निर्वाचन हुने बताइएको छ ।

विशेष सांगठनिक परिस्थितिका कारण थप १ जिल्लाको निर्वाचन जेठ २६ गते हुनेछ । सोही दिन बागमती प्रदेशबाट प्रादेशिक अधिवेशनको समेत सुरुवात गरिने पार्टीले जनाएको छ । कार्यतालिकामा समावेश नभएका देशका बाँकी १० जिल्लाहरूको अधिवेशन भने राष्ट्रिय महाधिवेशन सम्पन्न भएपश्चात् क्रमशः गरिने निर्वाचन आयोगले स्पष्ट पारेको छ ।

# एआई डेटा सेन्टरबाट निम्तिन सक्ने जोखिम

**सुभाष कर्ण**

जनकपुरधाम । नेपालमा पहिलोपटक अमेरिकी बहुराष्ट्रिय कम्पनी गुगलसंगको साझेदारीमा काठमाण्डुको चोभार र मधेश प्रदेशको वीरगञ्ज महानगरपालिकामा 'टियर-फोर' हाइपरस्केल डाटा सेन्टर स्थापना गर्ने घोषणा गरिएको छ । करिब पाँच अर्ब रुपैयाँको लगानीमा निर्माण हुन लागेका यी डाटा सेन्टरलाई नेपालको सूचना प्रविधि, डिजिटल अर्थतन्त्र र पूर्वाधार विकासका लागि महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ । दक्षिण एसियाको डाटा हब बन्ने लक्ष्य राखिएको यस परियोजनाले रोजगारी तथा प्रविधि हस्तान्तरणमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।




तर यससंगै वातावरण, पानी, ऊर्जा तथा जनस्वास्थ्यमा पर्न सक्ने असरबारे चिन्ता पनि बढ्दै गएको छ । विशेषगरी वीरगञ्जमा निर्माण हुने डाटा सेन्टरले ठूलो मात्रामा पानी र विद्युत खपत गर्ने भएकाले त्यसको दीर्घकालीन प्रभावबारे प्रश्न उठ्न थालेका छन् ।

वीरगञ्जमा निर्माण हुने ती डाटा सेन्टरले खपत गर्ने खानेपानी, विद्युतिय प्रयोगले उत्पन्न हुने इलेक्ट्रो पोलुसन(प्रदुषण), प्रयोग भएका पानी वाफ बनेर वायुण्डलमा पुगेर बनेको पोलुसन र डिस्पोज भइ निस्केका पानी नदीनालामा विसर्जन हुदाँ यसको असरले जोखिम निम्तिन हुन सक्ने चिन्ता पनि बढाएको छ ।

वीरगञ्ज देशकै प्रमुख औद्योगिक सहर रहेको छ । बारा-पर्सा औद्योगिक करिडोरका सयौं उद्योगका कारण यो क्षेत्र लामो समयदेखि वायु तथा जल प्रदूषणको समस्याबाट प्रभावित छ । अत्यधिक गर्मी, प्रदूषण र भूमिगत पानीको सतह घट्दै जानु यहाँका प्रमुख चुनौती हुन् । पछिल्ला वर्षहरूमा ह्यान्डपम्प सुक्ने, खानेपानीको दबाब कम हुने तथा ट्यांकरमार्फत पानी आपूर्ति गर्नुपर्ने अवस्था समेत सिर्जना भएको छ ।

डाटा सेन्टर सञ्चालनका लागि आवश्यक चिस्यान व्यवस्थापन (कुलिङ सिस्टम) मा ठूलो मात्रामा पानी प्रयोग हुने अध्ययनहरूले देखाएका छन् । विभिन्न अन्तर्राष्ट्रिय अध्ययनअनुसार एआई प्रणाली सञ्चालन गर्ने डाटा सेन्टरहरूले कम्प्युटर चिप्स तथा अन्य उपकरण चिसो राख्न दैनिक हजारौं लिटर पानी खपत गर्छन् । यसले पहिले नै पानी अभाव झेलिरहेको क्षेत्रमा थप दबाब सिर्जना गर्न सक्ने विज्ञहरूको भनाइ छ ।

संयुक्त राष्ट्र विश्वविद्यालयको पानी, वातावरण तथा स्वास्थ्य संस्थाले हालै सार्वजनिक गरेको अध्ययनले एआई तथा डाटा सेन्टरको वातावरणीय प्रभावबारे विश्वव्यापी चिन्ता बढ्दै गएको उल्लेख गरेको छ । मधेश प्रदेशमा भूमिगत पानीको स्तर निरन्तर घटिरहेको अवस्थामा यस्ता परियोजनाले खानेपानी तथा सिचाइँमा दीर्घकालीन असर पार्न सक्ने आशंका व्यक्त गरिएको छ ।

ऊर्जाको दृष्टिले पनि डेटा सेन्टरहरू अत्यधिक विद्युत खपत गर्ने पूर्वाधार मानिन्छन् । नेपालमा विद्युत आपूर्ति सुधार भए पनि आकस्मिक अवस्थाका लागि डिजेल जेनेरेटर प्रयोग गर्नुपर्ने सम्भावना रहन्छ । डिजेल जेनेरेटरबाट निस्कने नाइट्रोजन अक्साइड, सूक्ष्म धूलोकण तथा अन्य प्रदूषकले स्थानीय वायु गुणस्तरमा नकारात्मक असर पुऱ्याउन सक्छन् ।

यसैगरी, डाटा सेन्टरबाट निस्कने तापले ' हिट आइल्याण्ड' प्रभाव सिर्जना गर्ने सम्भावना पनि अनुसन्धानहरूले देखाएका छन् । यसले शहरी क्षेत्रको तापक्रम बढाउन र ऊर्जा खपत थप वृद्धि गर्न सक्छ ।

वातावरणविद् भोला भट्टराईका अनुसार विश्वभर डाटा सेन्टरका कारण जलस्रोत, वातावरण र जनस्वास्थ्यमा परेको प्रभावबारे बहस भइरहेका बेला वीरगञ्जजस्तो घना बस्ती र समस्याग्रस्त क्षेत्रमा यस्तो परियोजना सञ्चालन गर्नु उपयुक्त नहुन सक्छ । उनका अनुसार खानेपानी अभाव, तापीय प्रभाव तथा प्रदूषणले स्वास्थ्य, शिक्षा र अर्थतन्त्रमा दीर्घकालीन असर पार्न सक्छ ।

जल तथा वातावरणविद् दिवाकर उप्रेतिले पनि पर्याप्त अध्ययन र परीक्षणबिना अन्तरष्ट्रियस्तरको डाटा सेन्टर वीरगञ्जमा स्थापना गर्नु जोखिमपूर्ण हुने बताउँछन् । उनका अनुसार डाटा सेन्टर निर्देशिका, २०८१ मा वातावरणीय परीक्षणसम्बन्धी स्पष्ट व्यवस्था नहुनु चिन्ताको विषय हो ।

आइटी विज्ञ विकेश रायले पनि पानी तथा ऊर्जा खपत कम गर्न हिमाली वा चिसो क्षेत्रहरू तुलनात्मक रूपमा उपयुक्त हुन सक्ने धारणा राखे । उनका अनुसार विश्वका केही देशहरूले समुद्र नजिक वा चिसो क्षेत्रमा डाटा सेन्टर स्थापना गरेर वातावरणीय प्रभाव न्यून गर्ने प्रयास गरेका छन् ।

विश्वका विभिन्न देशमा पनि डाटा सेन्टरको वातावरणीय प्रभावबारे बहस बढ्दो छ । चिली र स्पेनजस्ता देशहरूमा पानीको उच्च खपत र खडेरीका कारण डाटा सेन्टरविरुद्ध आन्दोलनसमेत भएका छन् ।

नेपालमा डेटा सेन्टर स्थापना सूचना प्रविधि विकासका लागि महत्वपूर्ण अवसर भए पनि त्यसका वातावरणीय, जलस्रोत तथा स्वास्थ्यसम्बन्धी प्रभावहरूको विस्तृत अध्ययन, सार्वजनिक बहस र प्रभावकारी नियमन आवश्यक देखिन्छ । दीर्घकालीन विकास र वातावरणीय सन्तुलनबीच उचित समन्वय कायम गर्न सकिए मात्र यस्ता परियोजनाबाट अपेक्षित लाभ हासिल गर्न सकिने छ ।




# एसइई पूरक परीक्षाको नतिजा दुई साताभित्र प्रकाशन गरिने




काठमाण्डु । राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय (कक्षा १०) ले माध्यमिक शिक्षा परीक्षा (एसइई) को पूरक (ग्रेडवृद्धि) परीक्षा सम्पन्न भएको दुई साताभित्र नतिजा प्रकाशन गर्ने गरी तयारी गरेको छ।

आगामी असार १ देखि ९ गतेसम्म पूरक परीक्षा हुँदैछ। यसअघि, एसइई- २०८२ को परीक्षाफल एक महिनामा प्रकाशन गरिएको थियो। परीक्षा नियन्त्रक टुकराज अधिकारीले आगामी असार २५ गतेभित्र पूरक परीक्षाको परीक्षाफल प्रकाशन गरिने बताउनुभयो।

एसइईमा एक लाख ४६ हजार ५०७ विद्यार्थी 'ननग्रेडेड' भएकामा पूरक परीक्षामा कतिले सहभागिता जनाउँछन् भन्ने यकिन तथ्याङ्क प्राप्त भइनसकेको उहाँले बताउनुभयो । 'ग्रेड सि' भन्दा कम प्राप्त गरेका विद्यार्थी पूरक परीक्षामा सहभागी हुनेछन्। रासस

# स्थानीय तहसम्म ज्ञान र प्रविधि पुऱ्याउँदै कोइका स्वयंसेवक

काठमाण्डु । कोरिया अन्तरराष्ट्रिय सहयोग नियोग (कोइका) ले नेपालमा सञ्चालन गरेका स्वयंसेवक कार्यक्रमलाई अझ प्रभावकारी बनाउन स्वयंसेवक साझेदार संस्थाहरूसँग परामर्श कार्यशाला आयोजना गरेको छ।

कार्यशालाको प्रारम्भ गर्दै कोइका नेपालका देशीय निर्देशक मुहोन कोङले स्वयंसेवक परिचालन गरिएका संस्थाहरूको निरन्तर सहयोगप्रति आभार व्यक्त गर्दै कोइका स्वयंसेवक कार्यक्रमको प्रभावकारिता अभिवृद्धिमा ती संस्थाको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

उहाँले ज्ञान, सीप र विशेषज्ञताको आदानप्रदानमार्फत साझेदार देशहरूको सामाजिक तथा आर्थिक विकासमा योगदान पुऱ्याउनुका साथै कोरिया र साझेदार मुलुकबीच मित्रता, आपसी समझदारी र सहकार्य प्रवर्द्धन गर्नु कार्यक्रमको प्रमुख उद्देश्य रहेको उल्लेख गर्नुभयो।

अर्थ मन्त्रालयका उपसचिव अर्जुन ढकालले सन् १९९१ यता कोरिया 'ओभरसिज भोलिन्टियर्स'ले नेपालको सामाजिक-आर्थिक विकासमा पुऱ्याएको योगदानको प्रशंसा गर्नुभयो।

उहाँले शिक्षा, स्वास्थ्य, कृषि तथा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा स्वयंसेवकहरूले ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्दै परिश्रम, समयपालन र समर्पणजस्ता मूल्य स्थापित गर्न सहयोग गरेकामा कोरिया सरकारप्रति आभार व्यक्त गर्नुभयो।




भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव प्रह्लाद कार्कीले स्थानीय तहसम्म ज्ञान र प्रविधि पुऱ्याएर कोरियाली स्वयंसेवकहरूले नेपाल र नेपालीलाई ठूलो गुन लगाएको बताउनुभयो।

कार्यशालामा कोइका नेपालले कोरिया ओभरसिज भोलिन्टियर्स कार्यक्रमसहित विभिन्न विकास सहकार्य पहलका बारेमा जानकारी गराएको थियो।

त्यस अवसरमा कास्कीस्थित गौरीशंकर माध्यमिक विद्यालयमा प्रारम्भिक बालविकास स्वयंसेवकका रूपमा कार्यरत मिह्युन स्युङले बालविकास शिक्षामा आफूले गरिरहेका गतिविधिबारे जानकारी गराउनुभयो।

त्यसैगरी, ललितपुरको गोदावरी नगरपालिकामा पर्यटन स्वयंसेवकका रूपमा कार्यरत स्युङचुल काङले दक्षिण कोरियाको जेजु क्षेत्रलाई विश्वस्तरीय पर्यटकीय गन्तव्यका रूपमा विकास गरिएको अनुभव प्रस्तुत गर्दै नेपालमा दिगो पर्यटन प्रवर्द्धनका सम्भावनाबारे धारणा राख्नुभयो।

नेपाल रेडक्रस सोसाइटी, प्रादेशिक रक्तसञ्चार सेवा कास्कीका प्रतिनिधिले कोइकाको सहयोगमा सञ्चालित एक परियोजनाको अनुभव साझा गर्दै प्राप्त उपकरणहरूले रक्तदानसम्बन्धी गतिविधिमा सकारात्मक परिवर्तन ल्याएको बताउनुभयो।

उहाँले स्थानीय संस्थाको क्षमता अभिवृद्धिमा अन्तर्राष्ट्रिय स्वयंसेवी सहकार्य महत्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो।

विश्वभाषा क्याम्पसका क्याम्पस प्रमुख डा महेन्द्रकुमार बुढाथोकीले कोइकासँगको लामो सहकार्य र कोरियाली स्वयंसेवकहरूको योगदानको चर्चा गर्दै हाल त्रिभुवन विश्वविद्यालयले कोरियाली भाषा शिक्षाको स्नातक तहको पाठ्यक्रम स्वीकृत गरिसकेको सन्दर्भमा थप स्वयंसेवक परिचालन हुने अपेक्षा व्यक्त गर्नुभयो।

कोइका एलुम्नाइ एसोसिएसन अफ नेपाल (कान) का अध्यक्ष नवराज गौतमले कोरियाली संस्कृति, सामाजिक व्यवहार र नेपालसँगका समानताबारे प्रस्तुति दिनुभएको थियो । उहाँले स्वयंसेवकहरूको ज्ञान र अनुभवको अधिकतम उपयोग गर्न साझेदार संस्थाहरूलाई आग्रह गर्नुभयो।

ललितपुरमा शुक्रबार आयोजित कार्यशालामा स्वयंसेवकसँग सम्बन्धित साझेदार संस्थाका प्रतिनिधि, विभिन्न मन्त्रालय तथा विभागका अधिकारी, कोइकाका कर्मचारी र 'कोरिया ओभरसिज भोलेन्टियर्स'' गरी ४७ जनाको सहभागिता थियो। रासस

# 'राष्ट्रघाती अभिव्यक्तिको बचाउमा कीर्ते प्रमाण देखाएर भ्रम छरियो'



**टुडे समाचारदाता**

काठमाण्डु । श्रम संस्कृति पार्टीका महासचिव आरेन राईले प्रधानमन्त्रीले सीमा विवादबारे दिएको अभिव्यक्तिलाई राष्ट्रहितविपरीत र राष्ट्रघाती भएको आरोप लगाउँदै त्यसको विरोधमा सडकमा उत्रिन बाध्य भएको बताएका छन्।

माइतीघरमा शनिबार आयोजित प्रदर्शनका क्रममा सञ्चारकर्मीसँग कुराकानी गर्दै राईले प्रधानमन्त्रीको अभिव्यक्तिलाई समर्थन गर्न सामाजिक सञ्जालमा कीर्ते प्रमाणहरू प्रयोग गरेर भ्रम फैलाउने प्रयास भइरहेको बताए।

सामाजिक सञ्जालमा फैलाइएको भ्रम चिर्न र वास्तविकता जनतासमक्ष पुऱ्याउन आफूहरू आन्दोलनमा उत्रिएको बताए । प्रधानमन्त्रीको अभिव्यक्तिपछि सरकारका तर्फबाट आएको स्पष्टीकरणप्रति पनि असन्तुष्टि जनाए।

उनले भने, प्रधानमन्त्रीज्यूले आफ्नो अभिव्यक्तिपछि नांगिनुभएको छ। उहाँले अतिक्रमण भन्न मिल्छ तरु प्रधानमन्त्रीज्यूले यसो भन्न खोज्नुभएको हो भनेर परराष्ट्र मन्त्रालयले ढाकछोप गर्नखोज्यो। सरकारको प्रवक्ताले पनि त्यही ढङ्गले बोल्नुभयो । एउटा गल्ती ढाकछोप गर्न अर्को गल्ती गर्नुहुन्न। त्यो लाजमर्दो कुरा नाङ्गिने कुरा सरकारले गर्नुहुँदैन। त्यो कारणले गर्दाखेरि अब सडकमा आउन बाध्य भएको हो।

सीमा समस्या र सीमा अतिक्रमण दुई फरक विषय भएको उल्लेख गर्दै उनले सरकारले त्यसलाई जानाजानी मिश्रित रूपमा प्रस्तुत गर्न खोजेको आरोप लगाए। संसद्प्रति सरकार उत्तरदायी हुन नसकेको दाबी गर्दै राईले प्रधानमन्त्रीलाई संसद्मा बोलाएर स्पष्टीकरण दिनुपर्ने माग गरे।

उनले प्रधानमन्त्रीको अभिव्यक्तिले राष्ट्रिय हितमा दीर्घकालीन असर पार्न सक्ने भन्दै राष्ट्रवादी नागरिक र बौद्धिक वर्गमा चिन्ता बढेको बताए । प्रधानमन्त्रीको अभिव्यक्ति नियोजित थियो वा असावधानीवश आएको भन्ने प्रश्नमा राईले त्यसबारे सम्बन्धित राजनीतिक दलले धारणा सार्वजनिक गर्नुपर्ने बताए।

उनले प्रधानमन्त्रीले संसद्मा दिएको अभिव्यक्ति सच्याउन र आवश्यक परे क्षमायाचना गर्नुपर्ने धारणा व्यक्त गरे। उनले प्राकृतिक कारण वा सीमाङ्कनका कारण उत्पन्न विवादलाई सीमा समस्या भन्न मिल्ने तर राज्य शक्तिको प्रयोग गरेर अर्को देशको भूभाग कब्जा गर्नुलाई मात्र अतिक्रमण भन्न सकिने बताए।

संसद्मा यस विषयमा विपक्षी दलहरूको आगामी रणनीतिबारे सोधिएको प्रश्नमा राईले असार २५ गते मात्रै थाहा हुने बताएका छन्।

# 'रास्वपा सरकारको बजेटले नतिजा दिन सक्दैन'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का नेता वर्षमान पुनले राष्ट्रिय स्वतन्त्र पार्टीको दुईतिहाइको सरकारले मुलुकको आवश्यकताअनुसार आर्थिक वृद्धि र रोजगारी सिर्जना गर्ने गरी बजेट ल्याउन नसकेको बताएका छन्।

नेपाल व्यवस्थापन संघद्वारा शनिबार आयोजित आगामी आर्थिक वर्ष ०८३/८४ को पोस्ट बजेटसम्बन्धी अन्तर्क्रियामा पुनले बजेटले कुनै पनि क्षेत्रमा नजिता दिने गरी 'फोकस' गर्न नसकेको बताए।

लोकप्रियतावादी सरकारले सबैले भन्दै आएको कर्णप्रिय कार्यक्रम समावेश गरेको भए पनि त्यसले आर्थिक समृद्धिको दिशामा ठोस नतिजा दिन नसक्ने टिप्पणी गरे। 'बजेटमा केही चिजमा 'फोकस' गरिएको छैन। हामीले नयाँ साथीहरूलाई 'पपुलिस्ट'को आरोप लगाउने गरेका छौँ। 'पपुलिज्म'को विशेषता के भने सबैले भनेका 'कर्णप्रिय' लाग्ने कुरा भन्ने। तर, त्यो पूरा होस् नहोस्,' पुनले भने, 'सयबुँदे कार्यक्रम बनाउँदा पनि सबै राष्ट्रिय दलको लिएर राख्नुभयो। तर, उहाँहरूको आफ्नो नीति कुन त ? आफ्नो विचार, राजनीति, प्रवृत्ति वा जोड यो कुरामा भन्ने त्यहाँ देखाउन सक्नुभएन। बजेटमा पनि सबै भएकोजस्तो देखिने। सबै विगतका पार्टीले थालेका कार्यक्रमको निरन्तरताजस्तो देखिने। तर, केही नभएको जस्तो छ।'



सरकारले नीति-कार्यक्रम र बजेटमा केमार्फत आर्थिक वृद्धि, देशको रूपान्तरण र रोजगारीका अवसर सिर्जना गर्न चाहेको हो भन्ने स्पष्ट दिशा लिन नसकेको उनको भनाइ थियो। 'फोकस केमा गर्न खोजेको हो त ? केमार्फत आर्थिक वृद्धि गर्ने ? केमार्फत रोजगारी सिर्जना गर्ने, केमार्फत देशको रूपान्तरण गर्न खोजेको? भन्ने कुरामा प्राथमिकतामै अल्झिएकोजस्तो लाग्छ,' उनले भने, 'बजेटले हेर्दा, सुन्दा, छाम्दा देखिने, तर रिजल्ट नदेखिने, प्राथमिकता नदेखिनेजस्तो विशेषता बोकेको छ।'

# सिडिओ, प्रहरी र सरकारी वकिलमाथि आरोप

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुरेन्द्र चौधरीले प्रमुख जिल्ला अधिकारी (सिडिओ), प्रहरी र सरकारी वकिल मिले जो-कसैलाई पनि अपराधी बनाउन सक्ने आरोप लगाएका छन्।



सांसदचौधरीलेराज्यसंयन्त्रको चरित्र बदल्नुपर्ने आवश्यकता औंल्याउँदै प्रहरी, सिडिओ कार्यालय र सरकारी वकिलमाथि गम्भीर आरोप लगाएका हुन्।

उनले भने, 'यो देशमा प्रहरीको मुद्दा फाँट, सिडिओ कार्यालयको मुद्दा फाँट र सरकारी वकिल–तीन जना मिल्यो भने यो हलका सबै मान्छेलाई अपराधी बनाइदिन सक्छन्, अनि अपराधीलाई निर्दोष बनाउन सक्छन्।'

यो कुरा पार्टी सभापति रवि लामिछानेले पनि पटक पटक भन्दै आएको उनको भनाइ छ। त्यसकारण राज्यको चरित्र बदल्नुपर्ने उनले बताए।

रास्वपा केन्द्रीय सदस्यसमेत रहेका चौधरीले नागरिकले राज्यले जे भन्यो त्यही मान्नुपर्ने पुरानो मानसिकता अझै कायम रहेकाले भन्दै त्यसलाई बदल्नुपर्ने बताए। राज्य नागरिकमै अन्तर्निहित हुने उल्लेख गर्दै उनले नागरिकले जस्तो चाहन्छन्, राज्य पनि त्यस्तै बन्नुपर्ने धारणा राखे।

चौधरीले अहिलेको राजनीतिक संस्कार तोड्नुपर्ने आवश्यकता औंल्याउँदै पार्टीभित्रै पनि पुराना दलजस्तो गुटबन्दी, प्रतिनिधि किनबेच र पैसाको प्रभाव स्वीकार्य नहुने बताए।

उनले सभापति लामिछानेले पनि पटक-पटक राज्यको चरित्र बदल्नुपर्ने विषय उठाउँदै आएको उल्लेख गर्दै त्यसअनुसार पार्टी संरचना र प्रक्रियामा सुधार आवश्यक रहेको बताए । साथै कार्यकर्तालाई निष्ठा, इमान्दारिता र नैतिक बल कायम राख्न आग्रह गरे।

# देउवादम्पतीको रेड नोटिस 'होल्ड'

**टुडे समाचारदाता**

काठमाण्डु । सम्पत्ति शुद्धीकरणको कसुरमा अनुसन्धानमा रहेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र उनकी पत्नी आरजु राणा देउवाविरुद्धको रेड नोटिस 'होल्ड'मा राखिएको छ । पूर्वप्रधानमन्त्री देउवा र उनकी पत्नी आरजुविरुद्ध नेपाल प्रहरीले रेड नोटिसका लागि इन्टरपोललाई पत्राचार गरेको थियो। देउवादम्पती तीन महिनादेखि विदेशमा छन्। उनीहरूविरुद्ध पक्राउ पुर्जी जारी गर्न इन्टरपोलले थप प्रमाण माग गरेको छ।



यसअघि जिल्ला अदालतको पक्राउ पुर्जीका आधारमा प्रहरीले प्रक्रिया अघि बढाएको थियो। त्यसलाई सर्वोच्चले बदर गरेपछि सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले विशेष अदालतबाट पक्राउ पुर्जी लिने तयारी गरेको थियो।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | विशिष्ट व्यक्तित्वको सहयोग जुट्नाले विशेष अवसर पाइने समय छ। |
| वृष : | आम्दानी सामान्य भए पनि ठुलौ खाँचो टर्नेछ। |
| मिथुन : | नयाँ व्यवसाय सुरु गर्ने मौका छ। |
| कर्कट : | परिवारको सहयोगमा महत्वपूर्ण काममा सफलता मिल्नेछ। |
| सिंह : | मन मिल्ने साथी भेटिनुका साथै प्रेमको बन्धन समेत कसिन सक्छ। |
| कन्या : | सुरुमा केही खर्च लागे पनि सोचेको काम बन्नेछ। |
| तुला : | प्रशंसकहरु बढ्नेछन् र मानसम्मान समेत पाइनेछ। |
| वृश्चिक : | आफ्नो क्षेत्रमा प्रभुत्व जमाउने समय छ। |
| धनु : | विगतका कमजोरी सच्याउने मौका मिल्नेछ। |
| मकर : | काममा सुधार आउनुका साथै आस मारेको काम बन्नाले उत्साहित भइनेछ। |
| कुम्भ: | सामान्य कामबाट राम्रो लाभ उठाउन सकिनेछ। |
| मीन: | अध्ययन अध्यापनमा प्रगति हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# भुइँमा न भाँडोमा हुने छुट रास्वपाका कुनै कार्यकर्तालाई छैन : सचेतक परियार

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सचेतक प्रकाशचन्द्र परियारले रास्वपा नेपाली जनताको सेवा गरी देशको मुहार फेर्ने उद्देश्यका साथ राजनीतिमा आएकाले यसका नेता, कार्यकर्ता या कसैलाई पनि भुइँमा न भाँडोमा हुने छुट नरहेको बताउनुभएको छ।




आज सुनसरीको लौकहीमा रास्वपाको सुनसरी जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै उहाँले रास्वपा नेपाली जनताको वास्तविक सेवक हो र यसले नै यो देशको भाग्य र भविष्य निर्माण गर्दछ भन्ने सोच र व्यवहारका साथ जनताको भरोसायुक्त पार्टीका रूपमा लाग्न सबै कार्यकर्तालाई आग्रह गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।

केही दिनअघि सङ्घीय संसद्मा नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ को सम्बोधनलाई स्मरण गर्दै सचेतक परियारले भन्नुभयो, “जसरी संविधानसभाको पहिलो निर्वाचनमा तत्कालीन माओवादी पार्टीले झण्डै दुई तिहाई बहुमत प्राप्त गर्दा जनताको सेवा गर्नुको सट्टा भुइँमा न भाँडोमा भएर यो हालतमा आयौँ भन्नुभएको थियो, त्यस्तो काम गर्ने छुट हामलाई छैन र रास्वपाको कुनै कार्यकर्ताले त्यो सोच कदापि राख्नुहुँदैन।”

देशका वास्तविक समस्या र आवश्यकतालाई शिरमा राखेर केही गर्नुपर्छ र गर्छौं भन्ने भावनाका साथ जनताका बीचमा होमिन उहाँले रास्वपाका सबै कार्यकर्तालाई आग्रह गर्नुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीको शिरभन्दा पनि माथि नेपाली जनता रहेको सचेतक परियारको भनाइ थियो।

उहाँले भन्नुभयो, “रास्वपालाई ठूलो संख्या अर्थात् भीडको भन्दा पनि जनसेवा र देश विकास गर्ने असल कार्यकर्ताको खाँचो रहेको प्रसंग उल्लेख गर्दै उहाँले भन्नुभयो, “कार्यकर्ताको भीडले मात्र हुने भए १० लाख क्रियाशील सदस्य रहेको कांग्रेस, आठ लाख सङ्गठित सदस्य रहेको एमाले तथा ‘की मृत्यु की मुक्ति’ को नारा दिएर महिलाका काँधमा बन्दुक राखेर अघि बढेको माओवादीको हालत अहिले यस्तो हुने थिएन।”

सचेतक परियारले सुनसरी मुस्लिम, खसआर्य, जनजाति, सीमान्तकृत समुदायको सङ्गमसहितको सामाजिक समावेशिताको अनुमप उदाहरण पाइने जिल्ला हो भन्दै आगामी स्थानीय निर्वाचनमा रास्वपाले यो अनुपम उदाहरणको सम्मान गर्र्दै स्थानीय सरकारको नेतृत्व गर्नेगरी अघि बढ्ने बताउनुभयो । उहाँले भन्नुभयो, “यस जिल्ला र अन्य स्थानीय तहमा आगामी निर्वाचनमा रास्वपाले नेतृत्व गर्नेछ र अहिले सङ्घ सरकारमा जसरी राम्रो काम गरेर जनताको मन जितिरहेको छ, देशका हरेक स्थानीय तहमा त्यस्तै काम गरेर जनताको घरदैलोको सरकारको भरोसा प्रदान गर्नेछ।” रासस

# बिम्स्टेक क्षेत्रीय सहयोगको एक गतिशील मञ्च हो : प्रधानमन्त्री शाह

काठमाण्डु । प्रधानमन्त्री बालेन्द्र साहले ‘बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास’ (बिम्स्टेक) लाई क्षेत्रीय सहयोगका लागि एक गतिशील मञ्चका रूपमा उल्लेख गर्दै यसले क्षेत्रको विविधता, जीवन्तता र साझा सम्भावनालाई प्रतिबिम्बित गर्ने बताउनुभएको छ।



बिम्स्टेकको २९औं वार्षिकोत्सवका अवसरमा शनिबार जारी सन्देशमा उहाँले यातायात, व्यापार तथा डिजिटल सञ्जालमा सम्पर्क सुदृढ गरी अर्थतन्त्रहरूको अझ गहिरो एकीकरणलाई प्रवर्द्धन गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ।

बिम्स्टेकको दीर्घकालीन शक्ति यसको जनतामा निहित रहेको उल्लेख गर्दै प्रधानमन्त्री शाहले पर्यटन प्रवर्द्धन, युवा तथा उद्यमीहरूका लागि अवसर सिर्जना तथा जलवायु परिवर्तन र प्राकृतिक विपद्बाट उत्पन्न जोखिमप्रति प्रतिरोध क्षमता अभिवृद्धिका लागि थप प्रयास गर्न आह्वान गर्नुभएको छ।

उहाँले एकआपसमा जोडिएको, उत्थानशील तथा समृद्ध बिम्स्टेक क्षेत्र निर्माणका लागि सदस्य राष्ट्रहरूसँग नजिकबाट सहकार्य गर्न नेपाल सदैव प्रतिबद्ध रहेको उहाँका तर्फबाट पराराष्ट्र मन्त्रालयले जारी गरेको सन्देशमा उल्लेख छ।

छुट्टै सन्देशमा परराष्ट्रमन्त्री शिशिर खनालले सन् १९९७ मा स्थापना भएदेखि बिम्स्टेकले हासिल गरेको निरन्तर प्रगतिप्रति प्रशंसा व्यक्त गर्दै क्षेत्रीय सहयोग सुदृढीकरणमा बिम्स्टेक वडापत्र (चार्टर) को महत्त्वलाई उजागर गर्नुभएको छ। उहाँले हासिल भएका उपलब्धिहरूलाई सुदृढ गर्न, साझेदारीलाई अझ मजबुत बनाउन तथा कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको छ।

बिम्स्टेकप्रतिको प्रतिबद्धता पुनः व्यक्त गर्दै परराष्ट्रमन्त्री खनालले जनस्तरको सम्पर्क क्षेत्रको नेतृत्वकर्ता राष्ट्रका रूपमा नेपाल पर्यटन प्रवर्द्धन, सांस्कृतिक आदानप्रदान तथा क्षेत्रभरिका जनताबीच अझ गहिरो जनस्तरीय सम्बन्ध विस्तार गर्न तत्पर रहेको जानकारी गराउनुभएको छ।

बिम्स्टेकको २९औं वार्षिकोत्सवका अवसरमा प्रधानमन्त्री शाह र परराष्ट्रमन्त्री खनालले बिम्स्टेकका सबै सदस्य राष्ट्रका सरकार तथा जनतालाई सन्देशमार्फत बधाई तथा शुभकामना व्यक्त गर्नुभएको छ।

बिम्स्टेक एक क्षेत्रीय सङ्गठन हो। यसको स्थापना ६ जुन १९९७ मा बैंकक घोषणापत्रमा हस्ताक्षर भएसँगै भएको थियो । प्रारम्भमा बिस्ट-इक (बंगलादेश-भारत-श्रीलंका-थाइल्यान्ड आर्थिक सहयोग) का रूपमा परिचित यस सङ्गठनमा २२ डिसेम्बर १९९७ मा म्यानमारको तथा फेब्रुअरी २००४ मा भुटान र नेपालको सदस्यता प्राप्त भएको थियो। त्यसपछि हाल यो बिम्स्टेकका रूपमा परिचित छ। यसमा सात सदस्य राष्ट्रहरू रहेका छन्। रासस

# होल्डिङ सेन्टरका सुकुमवासीलाई नियमित स्वास्थ्य परीक्षण र उपचार सेवा

कीर्तिपुर । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरको राधास्वामी सत्सङ्ग परिसरस्थित होल्डिङ सेन्टरमा भेटिएका डम्बर तामाङलाई अब जीवन नयाँ तरिकाले अघि बढ्छ भन्ने लागेको छ। उहाँ सधैँ यस्तै त नहोला भनेर अहिले ढुक्क हुन थाल्नुभएको छ।



होस् पाएदेखि आफू बसेको थापाथलीको बागमती किनारमा हरेक वर्षायाममा हुने त्रासदी उहाँलाई अहिले पनि याद आउँछ। हरेक वर्ष पानी पर्न थालेपछि बागमतीले सातो लिन थाल्थ्यो। परिवारसहितको बास त थियो त्यो, तर स्वामित्व भने थिएन।

बास भएर के गर्नु ? देशका कुनै पनि निकाय वा कानुनले नचिन्ने । पानी, बिजुली बाटो घाटो सबै अनौपचारिक । ढल र फोहरमैला सिधैँ नदीमा। हिँउदभरि उपत्यकावासीको प्रदूषण लिएर बग्ने बागमतीले डम्बरसहितका सुकुमवासीलाई कतिथरी रोग दिएर जान्थ्यो, त्यहाँ बसुञ्जेल कसैलाई पत्तो नहुने । अहिले होल्डिङ सेन्टरमा नियमित स्वास्थ्य परीक्षण हुँदा पो धेरैलाई थाहा भएको छ, बागमती किनारको बसाइँले शरीरमा कहाँ कहाँ समस्या पारेको छ ? कति रहेछ रोग भन्ने कुरा।

सुकुमवासीको सङ्कलित तथ्याङ्कले बताएको छ, खोला किनारको जीवन कत्ति जोखिममा थियो । सेन्टरमा जानुअघि दशरथ रङ्गशालामा ४९७ जनाको स्वास्थ्य परीक्षण गर्दा झण्डै ३० प्रतिशतमा उच्च रक्तचाप, १५ प्रतिशतमा मधुमेह देखिएको थियो । त्यस्तै १६ प्रतिशतमा मांशपेशीसम्बन्धी समस्या, १३ दशमलव पाँच प्रतिशतमा ग्याष्ट्रिक, सात प्रतिशत मानसिक समस्या र श्वासप्रश्वाससम्बन्धी समस्या चार दशमलव पाँच प्रतिशतमा देखिएको थियो । सेन्टरमा पुगेपछि प्रायः सबैको स्वास्थ्य परीक्षण भयो र समस्याको अङ्क झन् बढ्यो। तर सेन्टरमा समस्या मात्र उजागर भएको छैन, उपचार पनि सुरु भएको छ र निरन्तर अहिले पनि चलिरहेकै छ।

चिकित्सकले तथ्याङ्कमा समेटेकामध्ये साढे ३८ प्रतिशतको परिवारका कोही न कोही सदस्यको मृत्यु खोला किनारको बसाइँका क्रममा भएको देखियो। जसमध्ये बाढी र डुबान तथा पुल, सडक र इनारमा भएका दुर्घटनाबाट झण्डै साढे नौ प्रतिशतले ज्यान गुमाए । दम र निमोनियाबाट आठ प्रतिशत र सरसफाइजन्य सरुवा रोग जस्तै क्षयरोग, डेङ्गु र टाइफाइडबाट आठ प्रतिशत मृत्यु भएको पाइयो।

यसका अधिकांश कारक खोला किनारको जोखिमपूर्ण जीवन थियो । प्रदूषित खानेपानी, फोहर र फोहरजन्य पानी जमिरहने स्थानमा दैनिकी गुजार्ने सुकुमवासीमा लामखुट्टेलगायतले सार्ने किटजन्य सरुवा रोग फैलनु स्वाभाविकै हो । सुकुमवासी राखिएका छवटै होल्डिङ सेन्टरमा चिकित्सा टोलीको नेतृत्व गर्नुभएका शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा अनुप बास्तोलाका अनुसार मुटुरोग, क्यान्सर र उच्च रक्तचापजस्ता नसर्ने रोगहरुका कारण पनि २८ प्रतिशतको मृत्यु भएको छ । अहिले पनि पाटन अस्पताल, प्रसूति गृह, लगनखेलस्थित मानसिक अस्पतालका चिकित्सकसहितको उक्त टोलीले थप परीक्षण र उपचारलाई तीव्रता दिएका छन्।

त्यसो त होल्डिङ सेन्टरका डम्बरलाई रेटिनाको समस्याले गर्दा मसिनो (सानो) वस्तु देख्न र पढ्न गाह्रो छ। अहिले जत्तिकै नियमित स्वास्थ्य परीक्षण त्यतिबेलै गर्न पाएको भए समस्या त्यति जटिल नहुन पनि सक्थ्यो । सेन्टरमा आएका चिकित्सको परामर्शपछि उहाँ त्रिपुरेश्वरस्थित आँखा अस्पताल जानुभयो। त्यहाँका चिकित्सकले तिलगङ्गा ‘रेफर’ गरेका छन्। अब त्यतै गएर उपचार गराउने सुरमा हुनुहुन्छ उहाँ।

थापाथलीमा डम्बर जस्ता सयौँ छन्, जसलाई जीवन भनेकै बागमतीको किनारको बसोबास भन्ने लागेको थियो । अहिले सबैलाई घरबाट निस्किएर चौबाटोमा बसे जस्तो भएको छ । सरकारले कतै न कतै त पक्कै व्यवस्था गर्ला, उहाँ भन्नुहुन्छ। डम्बर की पत्नी र छोराछोरीको स्वास्थ्य परीक्षण पनि त्यहीँ भएको छ । पत्नीलाई मुटुसम्बन्धी समस्याका लागि अस्पताल जान पनि स्वास्थ्यकर्मीले सुझाएका छन्।

करिब २० वर्ष थापाथलीमा बिताएकी ५० वर्षे पुनम मगरलाई थापाथलीमै बस्दा उच्च रक्तचाप, मधुमेह र नशाको समस्या थियो । समस्या बढेपछि सेन्टरकै पहलमा आकस्मिक उपचार गराइएको उहाँले बताउनुभयो। धेरैथरीको स्वास्थ्य परीक्षण यहाँ भयो र उपचार गर्न अस्पताल गइयो”, उहाँले भन्नुभयो। त्यहाँबाट अस्पताल पुगेपछि भने महँगो औषधी आफैँ किन्नुपर्ने बाध्यता रहेको पनि उहाँले बताउनुभयो।

अर्का सुकुमवासी खिमबहादुर पुलायामगरले अस्पताल पुगेपछि औषधी सबै नपाउने र कतिपय रोगको उपचार केही खर्चिलो देखिए पनि सेन्टरमा आएका स्वास्थ्यकर्मीसँग भने सुकुमवासीको कुनै गुनासो नरहेको बताउनुभयो।

होल्डिङ सेन्टरका सुकुमवासीमध्ये कतिपय दीर्घरोगी छन् । जसको नियमित स्वास्थ्य परीक्षण थापाथलीस्थित खोला किनारमा बस्दा सम्भवै थिएन । सुत्केरी र साना बच्चा हुर्काइरहेका आमाहरूले नियमित स्वास्थ्य परीक्षण र परामर्शमात्र होइन, नवजात सन्तानका लागि पोषण पुग्ने गरी लिटोसमेत पाएका छन्। सेन्टरमा भेटिएकी सुवासदेवी पासवानले आफ्नो नातिको स्वास्थ्य परीक्षण र पोषणका लागि लिटोसमेत प्राप्त भएको बताउनुभयो।

होल्डिङ सेन्टरमा ल्याइएका सुकुमवासीलाई नदीकिनारको दैनिकीले शारीरिकमात्र होइन मानसिक समस्याबाट पनि पीडित बनाएको छ । बारम्बार परीक्षणमा पुगेका चिकित्सकहरुले विगत लामो समयदेखि अव्यवस्थित र असुरक्षित बसाइले दुवैथरी स्वास्थ्यमा पारेको असरलाई नजिकबाट नियालेका छन्। केहीले विगत लामो समयदेखि दैनिकी बिताएको ठाउँ एक्कासी छोडनुपर्दाको दुःख व्यक्त गरेका छन्, तर पनि त्यो भन्दा धेरै असुरक्षित बसोबासका कारण थापाथली किनारमै थुप्रै शारीरिक र मानसिक जटिलताबाट गुज्रिएका रहेछन् भन्ने कुरा मनोविद्हरूसँग उनीहरूले व्यक्त गरिरहेका छन्।

सुकुमवासीहरूमा पर्नसक्ने मानसिक समस्याको पहिचान र उपचारका लागि छवटै होल्डिङ सेन्टरमा विशेषज्ञसहितका टोलीसहित धेरैपटक पुग्नुभयो, मानसिक अस्पताल पाटनका मनोचिकित्साविद् सुलभराज उप्रेती । उहाँले भन्नुभयो, “थापाथलीको जोखिमपूर्ण बसोबासलाई जीवन ठानेर बसेकालाई केही असहज लाग्नु स्वभाविक हो । तर त्यस्तो बसोबासका कारण थुप्रै मनोवैज्ञानिक जटिलता देखिन्छन् । यस्ता व्यक्ति ठूलो सत्र्याका भेटिनुहुन्छ ।”

मनोस्वास्थ्यका समस्या रहेको थाहा पाएपछि चार जना विज्ञ र केही मनोविज्ञान अध्येता सम्मिलित टोलीले छवटै शिविरका गरी ६०० भन्दा बढी व्यक्तिसँग छुट्टाछुट्टै बसेर परामर्श पनि भएको थियो। “हामीले सबैसँग कुरा गर्दा ठाउँ सर्नुपर्दाको असजिलोसँगै अब केही होला, सरकारले राम्रो व्यवस्था गर्ला भन्ने अपेक्षा गर्नेको सत्र्या पनि उल्लेख्य थियो”, मनोचिकित्साविद् उप्रेतीले भन्नुभयो।

कुराकानीबाट आएको निष्कर्षका आधारमा कतिपयलाई मनोसामाजिक परामर्श, सहायता र कतिपयलाई औषधि उपचारको आवश्यकता रहेको पाइएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार परामर्श र सहायता पछि थुपै व्यक्ति आफ्नो नियमित काममा फर्किनसमेत थालेका छन् । आफ्ना सन्तानको पढाइलाई लिएर चिन्ता परेको र उहाँहरुलाई पनि नजिकको विद्यालयमा बालबालिका जान थालेपछि चिन्ता कम हुँदै गएको पाइएको जानकारी पनि उहाँले दिनुभयो।

मनोसामाजिकविद्हरूको टोलीले ५५३ सुकुमवासीको मानसिक स्वास्थ्य परीक्षण र परामर्शबाट थाहा पायो, विस्थापनअघि देशभर कतै पनि बास नभएका कारण खोला छेउ बस्न बाध्य परिवार ८२ दशमलव आठ प्रतिशत रहेछन्। तीमध्ये तीन पुस्तै त्यहाँ बिताएको परिवार २४ दशमलव छ प्रतिशत छ।


मानसिक समस्याकै कारण तीन दशमलव तीन प्रतिशत आत्महत्याबाट र मदिराजन्य समस्याबाट तीन दशमलव तीन प्रतिशतले जीवन गुमाएका पाइएको मनोसामाजिकविद्हरू बताउँछन् । त्यसरी खोलाछेउ बस्दा शान्ति त जीवनमा छँदै थिएन् । फलस्वरुप १०० मध्ये करिब १२ जनाले आत्महत्याको सोचसमेत बनाउन पुगेका रहेछन् । त्यस्तै सयमध्ये सात जनालाई विशेषखालकै मनोरोग सेवा आवश्यकपर्ने अवस्था रहेछ।

तथ्याङ्कले यो तस्बिर दिएपछि चिकित्सकको टोलीले छवटै होल्डिङ सेन्टरमा नियमित मनोरोग परामर्श दिँदै आएको छ । यसले खोला किनारको असुरक्षित जीवनबाट आकस्मिक रुपमा होल्डिङ सेन्टर आइपुगेका सुकुमवासीको मनमा अबका उज्याला दिनको आशा पलाएको मनोचिकित्सकहरूले महशुस गेका छन्।

यसक्रममा मनोचिकित्सकसँग आफ्नो विगतबारे खुलेर कुरा गरे सुकुममवासीहरूले। बाहिरबाट हेर्दा नदीकिनारमा जोखिमपूर्ण जीवन बिताउनेहरूलाई त्यो सामान्य लाग्थ्यो र होल्डिङ सेन्टरको जीवन विश्मयपूर्ण। तर सँगै अब जीवनले नयाँ मोड लिने आशामा अधिकांश सुकुमवासी छन् ।रासस

# बाढीले अवरुद्ध मध्यपहाडी लोकमार्ग खुलाउने प्रयास जारी

खोटाङ । मध्यपहाडी लोकमार्ग सडकखण्डको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-८ बुवालुङस्थित पत्रखोला तथा आसपासको सडक बाढीले बगाएपछि अवरुद्ध भएको छ। शुक्रबार साँझ परेको भारी वर्षपछि आएको बाढीले सडक बगाएपछि यातायात सेवा पूर्णरुपमा अवरुद्ध भएको हो।



बाढीले सडक बगाएपछि भोजपुरबाट काठमाडौँ र भोजपुरतर्फ जाँदै गरेका बस, सुमो र मोटरसाइकल यात्री समस्यामा परेका छन्। नगर उपप्रमुख विशन राईले अवरुद्ध सडक खुलाउने प्रयास भइरहेको र केही समय लाग्ने भएकाले धैर्य गर्न यात्रुहरूलाई आग्रह गरिएको बताउनुभयो । सडक खुलाउन नगरपालिकाले डोजर तथा स्काभेटरसहित कामदार परिचालन गरेको उहाँले जानकारी दिनुभयो।

नगरपालिका-९ का वडाध्यक्ष दिनेश कठायतले बाढीले पत्रखोलाभन्दा माथिबाट आएको लेदोसहितको बाढीले करिब २५/३० मिटर सडक अवरुद्ध बनाएको र सडक खुलाउने प्रयास भइरहेको जानकारी दिनुभयो।

जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी प्रहरी निरीक्षक निराजन बस्नेतले अवरुद्ध सडक खुलाउन प्रहरी चौकी चिउरीडाँडा र जिल्ला प्रहरी कार्यालयबाट टोली परिचालन गरिएको बताउनुभयो।

पत्रखोलामा विसं २०७३ मा मोटरेबल पक्की पुल निर्माण गरेर सञ्चालनमा ल्याउनेगरी ठेकेदारले काम थालेको थियो । कालोपत्रको काम सम्पन्न भएको लामो समयसम्म पनि पक्की पुल निर्माण नहुँदा खोलाबाटै यातायातका साधन सञ्चालन गर्नुपर्ने बाध्यता थियो।

पत्रखोला मोटरेबल पक्की पुल अलपत्र भएको अवस्थामा श्रम संस्कृति पार्टीमा आबद्ध श्रमदाताले यही जेठ १७ गते अटो तथा मोटरसाइकल वारपार गराउने मिल्नेगरी पार्टी काठे पुल निर्माण गरेका थिए। बाढीले उक्त पुलसमेत बगाएपछि पैदलयात्रुलाई समेत आवतजावतमा समस्या भएको छ।

पक्की पुलको विकल्पमा बिरामी तथा विद्यार्थीका लागि लक्षित गरेर श्रमदाताले सञ्चालनमा ल्याएको काठे पुल बाढीले बगाएपछि दीर्घकालीन समस्या समाधानमा ध्यान दिन सम्बन्धित निकायलाई आग्रह गरिएको श्रम संस्कृति पार्टीका प्रदेश अध्यक्ष प्रताप राईले जानकारी दिनुभएको छ।

यसैबीच, गएराति मध्यपहाडी लोकमार्गकै साप्सुखोलामा आएको बाढीले ‘ब्रेकर’ बगाएको छ। दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-९ निर्मलीडाँडा र साकेला गाउँपालिका-१ बाँझेच्यानडाँडको सीमानामा पर्ने साप्सुखोला किनारमा निर्माण व्यवसायीले ढुङ्गा फुटाउन प्रयोग गर्दै आएको ‘ब्रेकर’ बगाएको हो।

भीषण वर्षपछिको बाढीले जिल्लाका अधिकांश ग्रामीण सडक अवरुद्ध भएका खोटाङ यातायात प्रालिका महासचिव रामकुमार हिङमाङले जानकारी दिनुभयो।

विसं २०६४ मा यहाँ नेपाली सेनाको हेलिकप्टरमार्फत बोकेर ल्याएको गाडीमार्फत यातायात सेवा सुरु गरिएको थियो। हाल जिल्लाका सबैजसो ठाउँमा यातायात सेवा विस्तार भएको छ, तर दश स्थानीय तह रहेको यस जिल्लाका अधिकांश ग्रामीण सडक करिब छ महिना मात्रै सञ्चालन हुने गरेका छन्। यहाँ हरेक वर्षको जेठदेखि कात्तिक अन्तिमसम्म समस्या हुने गरेको खोटाङ यातायात प्रालिका महासचिव हिङमाङले बताउनुभयो। रासस

# बागमती दुई लाख ८२ हजार व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण संकलन

काठमाण्डु । राष्ट्रिय तथ्यांक कार्यालयले दोस्रो चरणको आर्थिक गणनाअन्तर्गत बाग्मती प्रदेशबाट सबैभन्दा बढी दुई लाख ८२ हजार व्यावसायिक प्रतिष्ठानको आर्थिक विवरण संकलन गरेको छ।


करिब ११ लाख ७० हजार व्यावसायिक प्रतिष्ठानको विवरण गणना हुँदा कर्णाली प्रदेशबाट सबैभन्दा कम ५२ हजार प्रतिष्ठान समावेश भएका हुन् । यही जेठ २२ गतेसम्म कार्यालयले लिइएको लक्ष्यअनुसार देशभर करिब ८० प्रतिशत कार्यप्रगति भएको आर्थिक गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले जानकारी दिनुभयो।

कार्यालयले आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार-व्यवसाय गर्ने सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आग्रह गरेको छ।

कार्यालयले व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैंक तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्याङ्क सङ्कलन गरेको हो । सङ्कलित विवरणका आधारमा सरकारलाई व्यावसायिक नीति, वाणिज्य नीति तथा आर्थिक विकासका तथ्यपरक योजना बनाउन सहज हुने जनाइएको छ।

देशको आर्थिक गतिविधि प्रस्तुत गर्ने र राष्ट्रिय आर्थिक नीति निर्माणमा आधार प्रदान गर्ने उद्देश्यले गणना गरिएको हो। विसं २०७५ मा पहिलोपटक गणना सम्पन्न गरिँदा नौ लाख २३ हजार ३५६ प्रतिष्ठान समावेश भएका छन् । यसपटक करिब १४ लाख प्रतिष्ठान सहभागी हुने अनुमान गरिएको छ। गणना गत वैशाख २ गतेदेखि आगामी असार ७ गतेसम्म जारी छ।

देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्यांक प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥**

## सम्पादकीय

# प्रशासनको गलत निर्णय

सिरहा जिल्लामा पाँच सय मोबाइल र स्मार्टवाच प्रशासनले नष्ट गरेको छ। मोबाइल र स्मार्टवाचहरुलाई २४ घण्टा पानीमा डुबाइएको थियो। त्यसपछि ती सबै स्मार्टवाच र मोबाइल फोनलाई फुटाएर नष्ट गरिएको थियो। जिल्ला प्रहरी सिरहाका अनुसार ती स्मार्टवाच र मोबाइलको बजार मूल्य एक करोड बढी रहेको थियो। गत चैत महिनामा सम्पन्न एसईई परीक्षाको क्रममा सुरक्षाकर्मीहरुले परीक्षार्थीबाट मोबाइल र स्मार्टवाच बरामद गरेको थियो। एसईई परीक्षालाई मर्यादित बनाउन स्मार्टवाच, मोबाइल फोनहरुलाई परीक्षा केन्द्रमा निषेध गरिएको थियो। त्यसको सूचना पहिले नै दिएको थियो। तैपनि केही परीक्षार्थीहरुले मोबाइल फोन र स्मार्टवाच लिएर परीक्षा केन्द्रमा पुगेका थिए। उनीहरुको साथबाट बरामद गरिएको मोबाइल र स्मार्टवाच नष्ट गरिएको छ। सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जफत गरिएका सामग्री कानुनी रूपमा लिलामी गर्न सकिने भए पनि मोबाइल जस्ता संवेदनशील उपकरण पुनः दुरुपयोग हुन सक्ने जोखिमलाई ध्यानमा राख्दै नष्ट गर्ने निर्णय गरिएको तर्क दिएका छन्। 'जफत गरिएका मोबाइल लिलामी गर्नुपर्ने व्यवस्था भए पनि भविष्यमा दुरुपयोग नहोस् भन्ने उद्देश्यले नष्ट गर्ने निर्णय गरिएको पौडेलको तर्क छ। तर अनेक अपराधिक गतिविधिमा प्रयोग भएका दुई पांग्रे, चार पांग्रे र त्यो भन्दा ठूला सवारी साधनहरुलाई प्रहरीले नियन्त्रणमा लिने गरेको छ। प्रहरीले नियन्त्रणमा लिने सवारी साधनहरुको कानुनी प्रक्रिया पुऱ्याउन केही समय लाग्छ। त्यो प्रक्रिया पूरा भएपछि सवारी साधनहरु भन्सार, राजस्व कार्यालय लगायतमा बुझाइन्छ। त्यसरी बुझाइएका सवारी साधनहरु लिलाम गरिन्छ। लिलाम गरिएको सवारी साधनहरुबाट हुने आम्दानीबाट केही प्रतिशत कमिसन सवारी साधन बरामद गर्ने निकायले पाउँछन्। लिलाम भएका त्यस्ता सवारी साधनहरु कयौं पटक अपराधिक क्रियाकलापमा प्रयोग हुने गरेको छ। सुरक्षाकर्मीले पटक पटक सवारी साधन बरामद गर्ने र लिलाम गराउने गरे पनि अपराधिक क्रियाकलापमा त्यसको प्रयोग रोकिदैन। पुनः दुरुपयोग हुन सक्ने अनुमानको भरमा मोबाइल र स्मार्टवाच नष्ट गर्न गरिएको निर्णय गलत हो। प्रशासनले बरामद गरिएका मोबाइलहरुलाई लिलाम गरेर कम्तिमा पचास लाख राजस्व संकलन गर्न सक्थ्यो। बजार मूल्य एक करोड रहे पनि लिलामको क्रममा त्यसको मुल्य घटन पनि सक्थ्यो। आधी मूल्यमा मात्र लिलामी भए पनि पचास लाख रुपैयाँ प्राप्त हुने थियो। त्यो रकमलाई स्थानीय प्रशासनले निर्णय गरेर अन्य कतिपय कार्यमा लगाउन सक्थ्यो। तर प्रशासनले हलुका तर्क दिएर एक करोडको सम्पतीलाई नष्ट गरेर गौरवपूर्ण कार्य गरे जस्तो नाक फुलाउनु पर्ने कुनै आवश्यकता छैन। प्रशासनको अपरिपक्व र गलत निर्णय हो।

# कूटनीतिक क्षितिजमा नयाँ पुस्ता : रवि लामिछानेको दिल्ली भ्रमण र बदलिँदो शक्ति-सन्तुलन



सुजीत कुमार झा

नेपालको राजनीतिक इतिहासमा केही यस्ता क्षणहरू आउँछन्, जसले केवल तत्कालीन घटनाक्रमलाई मात्र होइन, भविष्यको शक्ति-सन्तुलन र कूटनीतिक दिशालाई समेत प्रभावित गर्छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको हालै सम्पन्न पाँचदिने भारत भ्रमणलाई पनि यस्तै एउटा महत्वपूर्ण राजनीतिक तथा कूटनीतिक घटनाका रूपमा हेरिएको छ। केही समयअघि मात्र कानुनी विवाद, राजनीतिक दबाब र सार्वजनिक बहसको केन्द्रमा रहेका लामिछाने आज दक्षिण एसियाको सबैभन्दा प्रभावशाली राजनीतिक राजधानी नयाँदिल्लीमा उच्चस्तरीय स्वागत र संवादको अवसर प्राप्त गर्न सफल भएका छन्।

यो भ्रमण केवल एउटा राजनीतिक दलका नेताको विदेश यात्रा मात्र होइन, नेपालमा उदाउँदै गएको नयाँ राजनीतिक पुस्ता, बदलिँदो जनमत र क्षेत्रीय शक्तिकेन्द्रहरूको रणनीतिक सोचबीचको अन्तरसम्बन्धको संकेत पनि हो। यसले नेपालको आन्तरिक राजनीतिसँगै नेपाल-भारत सम्बन्धको नयाँ अध्यायबारे समेत बहस सुरु गराएको छ।

### दिल्लीको स्वागत र त्यसको राजनीतिक अर्थ

कूटनीतिमा औपचारिक वक्तव्यभन्दा बढी महत्व भेटघाटको स्तर, पहुँचको दायरा र स्वागतको शैलीलाई दिइन्छ। नयाँदिल्लीमा रवि लामिछानेले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह तथा विदेशमन्त्री एस. जयशंकर, भाजपा अध्यक्ष नितिन नविनलगायत उच्च राजनीतिक नेतृत्वसँग भेटघाट गर्ने अवसर पाउनु आफैंमा महत्वपूर्ण घटना मानिएको छ।

भारतीय कूटनीतिक अभ्यासमा सत्ताबाहिर रहेका विदेशी राजनीतिक दलका नेताहरूलाई यति उच्चस्तरको पहुँच विरलै प्रदान गरिन्छ। यसले भारतले नेपालको परम्परागत राजनीतिक शक्तिहरूसँग मात्र सम्बन्ध राख्ने पुरानो ढाँचाभन्दा बाहिर निस्केर नयाँ राजनीतिक शक्तिहरूसँग पनि सम्बन्ध विस्तार गर्न थालेको संकेत दिएको छ।

भारतीय नेतृत्वले नेपालको राजनीतिक परिवर्तनलाई नजिकबाट नियालिरहेको र भविष्यमा प्रभावशाली बन्न सक्ने शक्तिहरूसँग समयमै संवाद स्थापित गर्न चाहेको सन्देश यस भ्रमणबाट प्रष्ट देखिन्छ। दक्षिण एसियाको बदलिँदो भूराजनीतिक परिवेशमा भारतका लागि नेपाल केवल छिमेकी राष्ट्र मात्र नभई सुरक्षा, अर्थतन्त्र र क्षेत्रीय स्थिरतासँग प्रत्यक्ष रूपमा जोडिएको साझेदार पनि हो।

### नयाँ राजनीतिक शक्तिप्रति भारतको चासो


पछिल्ला केही वर्षमा नेपालको राजनीतिक परिदृश्यमा नयाँ पुस्ताको नेतृत्व र वैकल्पिक राजनीतिक शक्तिहरूको उदय भएको छ। परम्परागत दलप्रतिको असन्तुष्टि, सुशासनको माग र भ्रष्टाचारविरुद्धको जनभावनाले नयाँ राजनीतिक शक्तिहरूलाई अवसर प्रदान गरेको हो।

रवि लामिछाने नेतृत्वको रास्वपा यस परिवर्तनको एउटा प्रमुख प्रतिनिधि बनेर उभिएको छ। भारतले यस यथार्थलाई स्वीकार गर्दै अब केवल स्थापित दलहरूमात्र होइन, जनसमर्थन प्राप्त गरिरहेका नयाँ शक्तिहरूसँग पनि सम्बन्ध विस्तार गर्न थालेको देखिन्छ।

यसलाई कुनै दलविशेषप्रतिको समर्थन वा हस्तक्षेपका रूपमा भन्दा पनि भारतको दीर्घकालीन कूटनीतिक रणनीतिका रूपमा बुझ्न आवश्यक छ। लोकतान्त्रिक व्यवस्थामा राजनीतिक शक्ति परिवर्तनशील हुन्छ। त्यसैले भविष्यमा प्रभावशाली बन्न सक्ने शक्तिहरूसँग समयमै सम्बन्ध स्थापित गर्नु कुनै पनि राष्ट्रको सामान्य कूटनीतिक अभ्यास हो।

### बालेन नेतृत्व र नयाँ शक्ति समीकरण

रवि लामिछानेको भ्रमणलाई नेपालभित्रको



शक्ति-सन्तुलनसँग पनि जोडेर हेरिएको छ। पछिल्लो समय प्रधानमन्त्री वालेन्द्र शाह (बालेन शाह) ले वैकल्पिक नेतृत्व, प्रणाली सुधार र राष्ट्रवादी राजनीतिक विमर्शमार्फत व्यापक जनसमर्थन प्राप्त गरिरहेका छन्।

यस्तो अवस्थामा रवि लामिछानेको दिल्ली भ्रमणले नयाँ राजनीतिक नेतृत्वबीच कूटनीतिक विश्वसनीयताको प्रतिस्पर्धालाई थप चर्चामा ल्याएको छ। यद्यपि यसलाई प्रत्यक्ष राजनीतिक प्रतिस्पर्धाको रूपमा भन्दा पनि फरक-फरक शैलीका नेतृत्वहरूको विकासक्रमका रूपमा बुझ्नु उपयुक्त हुन्छ।

बालेन शाहको राजनीतिक छवि मुख्यतः प्रणाली परिवर्तन, प्रशासनिक सुधार र जनपक्षीय राष्ट्रवादसँग जोडिएको छ भने रवि लामिछानेले संस्थागत सुधार, सुशासन र अन्तर्राष्ट्रिय सम्बन्धमा सन्तुलित दृष्टिकोण प्रस्तुत गर्ने प्रयास गरिरहेका देखिन्छन्। यी दुई धाराले नेपाली राजनीतिमा नयाँ पुस्ताको नेतृत्वलाई फराकिलो बनाइरहेका छन्।

### पार्टी-टु-पार्टी कूटनीतिको सन्देश

भ्रमणलाई औपचारिक रूपमा राज्यस्तरीय कूटनीतिक भ्रमणभन्दा पार्टी-टु-पार्टी संवादका रूपमा प्रस्तुत गरिएको थियो। भारतीय जनता पार्टीको निमन्त्रणामा सम्पन्न उक्त भ्रमणका क्रममा दल व्यवस्थापन, संगठन निर्माण, सुशासन, नीति निर्माण र राजनीतिक प्रशिक्षणजस्ता विषयमा छलफल भएको जनाइएको छ।

यस्तो प्रकारको संवाद दक्षिण एसियाली राजनीतिमा नयाँ होइन। विश्वका धेरै लोकतान्त्रिक मुलुकहरूमा राजनीतिक दलहरूबीच अनुभव आदान-प्रदान र नेतृत्व विकासका कार्यक्रमहरू सञ्चालन भइरहेका हुन्छन्। तर नेपालको सन्दर्भमा यसले विशेष महत्व पाउनुको कारण वर्तमान राजनीतिक संक्रमण र शक्ति पुनर्संरचनाको अवस्था हो।

भ्रमणको समय पनि निकै अर्थपूर्ण देखिन्छ। नेपाल-भारत सम्बन्धका केही संवेदनशील विषयहरू सार्वजनिक बहसमा रहेका बेला यस्तो भ्रमण हुनुले संवादको निरन्तरता र सम्बन्ध व्यवस्थापनको आवश्यकता दुवैलाई उजागर गरेको छ।

### कूटनीतिक विश्वसनीयताको नयाँ आयाम

आधुनिक राजनीतिमा केवल आन्तरिक लोकप्रियताले मात्र नेतृत्वको मूल्याङ्कन हुँदैन। अन्तर्राष्ट्रिय सम्बन्ध व्यवस्थापन गर्ने क्षमता, क्षेत्रीय सन्तुलन कायम राख्ने दक्षता र कूटनीतिक विश्वसनीयता पनि उत्तिकै महत्वपूर्ण मानिन्छ।

रवि लामिछानेको दिल्ली भ्रमणले उनलाई घरेलु राजनीतिभन्दा बाहिरको राजनीतिक व्यक्तित्वका रूपमा स्थापित गर्ने अवसर प्रदान गरेको छ। यस भ्रमणले उनी क्षेत्रीय कूटनीतिक वृत्तमा पनि संवाद गर्न सक्ने नेताका रूपमा प्रस्तुत भएका छन्।

यद्यपि कूटनीतिक स्वागत र उच्चस्तरीय भेटघाटलाई मात्र सफलता मान्न सकिँदैन। वास्तविक सफलता भनेको ती भेटघाटबाट नेपालको हितमा कस्ता अवसर सिर्जना हुन्छन् भन्ने कुराले निर्धारण गर्छ। कूटनीतिक विश्वसनीयता अन्ततः परिणामबाटै प्रमाणित हुने विषय हो।

### भारतीय मिडियाको बदलिंदो प्रस्तुति

यस भ्रमणको अर्को उल्लेखनीय पक्ष भारतीय सञ्चारमाध्यमहरूको प्रस्तुति पनि रह्यो। विगतमा नेपालका राजनीतिक घटनाक्रमहरूलाई भारतीय सञ्चारमाध्यमहरूले कहिलेकाहीँ विवादास्पद कोणबाट प्रस्तुत गर्ने गरेका थिए। तर यसपटक अधिकांश भारतीय सञ्चारमाध्यमहरूले भ्रमणलाई दलगत सम्बन्ध, अनुभव आदान-प्रदान र द्विपक्षीय सहकार्यको सामान्य प्रक्रियाका रूपमा प्रस्तुत गरे।

यो परिवर्तनले भारत नेपालको आन्तरिक राजनीतिप्रति तुलनात्मक रूपमा बढी संयमित र परिपक्व दृष्टिकोण अपनाउन चाहिरहेको संकेत दिन्छ। साथै, नेपालका नयाँ पुस्ताका नेताहरूसँग खुला र पारदर्शी सम्बन्ध विकास गर्न चाहेको सन्देश पनि यसबाट प्राप्त हुन्छ।

### अवसरसँगै बढ्दो जिम्मेवारी

राजनीतिमा कूटनीतिक उपलब्धिले अवसर मात्र होइन, जिम्मेवारी पनि बढाउँछ। उच्चस्तरीय स्वागत र भेटघाटले कुनै नेताको राजनीतिक हैसियतलाई बलियो बनाउन सक्छ, तर त्यसले जनतामा परिणामको अपेक्षा पनि बढाउँछ।

नेपाली नागरिकले अन्ततः भ्रमणका क्रममा कसले कसलाई भेट्यो भन्नेभन्दा पनि त्यसबाट देशले के प्राप्त गऱ्यो भन्ने प्रश्न सोध्नेछन्। व्यापार, लगानी, पर्यटन, ऊर्जा, पूर्वाधार र रोजगारीका क्षेत्रमा ठोस उपलब्धि देखिन सकेन भने कूटनीतिक उपलब्धि मात्र प्रतीकात्मकतामा सीमित हुन सक्छ।

त्यसैले भविष्यमा यस्ता भ्रमणहरूलाई जनहितसँग जोडिएका ठोस परिणाममा रूपान्तरण गर्न सक्नु नै सबैभन्दा ठूलो चुनौती हुनेछ।

अन्त्यमा रवि लामिछानेको भारत भ्रमणले नेपाली राजनीतिमा एउटा नयाँ संकेत दिएको छ। यसले नेपालमा उदाउँदै गरेको नयाँ राजनीतिक पुस्ता अब मात्र घरेलु राजनीतिमा सीमित नरही क्षेत्रीय तथा अन्तर्राष्ट्रिय कूटनीतिक वृत्तमा पनि आफ्नो उपस्थिति जनाउन थालेको देखाएको छ।

यो भ्रमणले नेपाल-भारत सम्बन्धको बदलिँदो स्वरूप, नयाँ नेतृत्वप्रति बढ्दो अन्तर्राष्ट्रिय चासो र आधुनिक राजनीतिमा कूटनीतिक विश्वसनीयताको महत्वलाई उजागर गरेको छ। साथै, यसले नेपाली राजनीतिलाई विरोध र आन्दोलनको चरणबाट राज्य सञ्चालन र कूटनीतिक परिपक्वताको दिशातर्फ अघि बढ्नुपर्ने आवश्यकता पनि स्मरण गराएको छ।

अन्ततः कुनै पनि राजनीतिक नेतृत्वको मूल्याङ्कन उसले प्राप्त गरेको स्वागत वा लोकप्रियताले मात्र होइन, राष्ट्रिय हित, आर्थिक समृद्धि र जनअपेक्षालाई कति प्रभावकारी रूपमा सम्बोधन गर्न सक्छ भन्ने आधारमा हुने गर्दछ। रवि लामिछानेको दिल्ली भ्रमणलाई पनि यही दृष्टिकोणबाट हेर्नु अधिक उपयुक्त हुनेछ।

# ऋणको भारी बोक्दै उत्पादनको सपना: बजेटमा महत्वाकांक्षा धेरै, कार्यान्वयनमा चुनौती



रमेश कुमार बोहोरा

सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको महत्वाकांक्षी बजेट सार्वजनिक गर्दै उत्पादन वृद्धि, डिजिटल अर्थतन्त्र, सूचना प्रविधि, निजी क्षेत्रको सहभागिता र प्रशासनिक सुधारमार्फत आर्थिक रूपान्तरणको नयाँ खाका प्रस्तुत गरेको छ। अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसद्मा प्रस्तुत गरेको बजेटलाई सरकार पक्षले "आर्थिक पुनर्जागरणको आधार" भनेको छ। तर बजेटका प्राथमिकता, स्रोत व्यवस्थापन, ऋणको बढ्दो भार, चालु खर्चको चाप तथा विगतको कमजोर कार्यान्वयन अवस्थालाई हेर्दा सरकारको घोषणाभन्दा यथार्थ फरक दिशातर्फ संकेत गरिरहेको देखिन्छ।

बजेटले उत्पादन, प्रविधि र निजी क्षेत्रलाई प्राथमिकता दिएको दाबी गरे पनि यसको ठूलो हिस्सा अझै पनि तलब, भत्ता, प्रशासनिक खर्च र ऋण भुक्तानीमा केन्द्रित छ। कुल बजेटमध्ये १२ खर्ब ७० अर्ब रुपैयाँ चालु खर्चमा छुट्याइएको छ, जुन कुल बजेटको झण्डै ६० प्रतिशत हो। पुँजीगत खर्च ४ खर्ब ३१ अर्ब रुपैयाँ मात्र रहेको छ भने ४ खर्ब २२ अर्ब रुपैयाँ वित्तीय व्यवस्थापन शीर्षकमा विनियोजन गरिएको छ। यसमध्ये ठूलो रकम सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानीमा खर्च हुनेछ।

नेपालको सार्वजनिक ऋण २९ खर्ब रुपैयाँ नाघिसकेको अवस्थामा विकास खर्चभन्दा ऋण व्यवस्थापनमा बढी स्रोत खर्चिनुपर्ने अवस्था सिर्जना भएको छ। राजस्वको ठूलो हिस्सा ऋण तिर्नमै खर्च हुन थालेपछि सरकारको विकास गर्ने क्षमता क्रमशः कमजोर हुँदै जान्छ। बजेटले उत्पादन र रोजगारीको कुरा गरे पनि त्यसका लागि आवश्यक वित्तीय आधार ऋणको दबाबले खुम्चिँदै गएको संकेत देखिन्छ।

सरकारले बजेटमार्फत मन्त्रालयको संख्या २२ बाट १८ मा झार्ने, ३१ वटा सरकारी निकाय खारेज गर्ने तथा प्रशासनिक संरचना पुनर्गठन गर्ने घोषणा गरेको छ। यो निर्णयलाई प्रशासनिक सुधारतर्फ सकारात्मक कदमका रूपमा हेरिएको छ। तर विगतमा पनि यस्ता घोषणा धेरै भए पनि कार्यान्वयनमा प्रभावकारी परिणाम नआएकाले यसपटक पनि शंका उब्जिएको छ। सरकारी संयन्त्रमा संरचनागत सुधारभन्दा राजनीतिक भागबन्डा र कर्मचारीतन्त्रको प्रतिरोध ठूलो चुनौती बन्ने देखिन्छ।

यस वर्षको बजेटको सबैभन्दा चर्चित पक्ष सूचना प्रविधि र कृत्रिम बौद्धिकता (एआई) मा केन्द्रित योजनाहरू हुन्। सरकारले पहिलो पटक सार्वभौम एआई कम्प्युट केन्द्र स्थापना गर्ने घोषणा गरेको छ। हजारौं एआई प्रोसेसिङ युनिट खरिद गरी युवालाई सहुलियतमा उपलब्ध गराउने, रिमोट वर्कलाई कानुनी मान्यता दिने, स्टार्टअपलाई कर छुट उपलब्ध गराउने तथा नेपाललाई डिजिटल अर्थतन्त्रतर्फ उन्मुख गराउने लक्ष्य राखिएको छ।

युवा जनशक्ति विदेश पलायन भइरहेका बेला प्रविधिमा आधारित रोजगारी सिर्जना गर्ने सरकारी प्रयास स्वागतयोग्य मानिए पनि नेपाल जनता कार्यान्वयन पक्षलाई लिएर आशंकित छन्। नेपालमा अझै आधारभूत डिजिटल पूर्वाधार, उच्च गतिको इन्टरनेट, दक्ष जनशक्ति तथा अनुसन्धान संस्कृतिको अभाव रहेको अवस्थामा एआई केन्द्रित कार्यक्रम घोषणामै सीमित हुने जोखिम रहेको उनीहरूको भनाइ छ।

निजी क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले सरकारले व्यक्तिगत आयकरको सीमा बढाएको छ भने अधिकतम करदर ३९ प्रतिशतबाट २९ प्रतिशतमा झारेको छ। औद्योगिक कच्चा पदार्थमा भन्सार घटाइएको छ। ३६० प्रकारका वस्तुमा अन्तःशुल्क हटाइएको छ। स्टार्टअप कम्पनीलाई पाँच वर्षसम्म आयकर छुट दिने व्यवस्था गरिएको छ। गैरआवासीय नेपालीलाई दोस्रो बजारमा लगानी गर्न खुला गरिएको छ।

यी व्यवस्थाले निजी क्षेत्रलाई केही राहत दिने अपेक्षा गरिएको छ। तर व्यवसायीहरू सरकारको नीतिगत अस्थिरता, प्रशासनिक झन्झट, लगानी सुरक्षा तथा कमजोर बजार मागलाई अझै प्रमुख समस्याका रूपमा औंल्याइरहेका छन्। निजी क्षेत्रले कर छुटभन्दा बढी नीतिगत स्थिरता र लगानीमैत्री वातावरण खोजिरहेको अवस्था छ।

कृषि क्षेत्रलाई व्यवसायीकरण गर्ने उद्देश्यले भूमि बैंक, करार खेती, उत्पादनमा आधारित अनुदान, डिजिटल मल वितरण प्रणाली तथा कृषि लगानीमा ४० प्रतिशतसम्म अनुदान दिने व्यवस्था गरिएको छ। कृषि उत्पादन बढाउने र आयात प्रतिस्थापन गर्ने सरकारी लक्ष्य सकारात्मक भए पनि विगतका अनुभव उत्साहजनक छैनन्। वर्षौंदेखि कृषि अनुदान वितरणमा देखिएको अनियमितता, पहुँचवालाको कब्जा तथा कमजोर अनुगमनका कारण किसानसम्म कार्यक्रमको वास्तविक लाभ पुग्न सकेको छैन।

ऊर्जा क्षेत्रमा जलविद्युत् उत्पादन र निर्यातलाई निरन्तरता दिइएको छ। बुढीगण्डकी जलविद्युत् आयोजना निर्माणलाई अगाडि बढाउने घोषणा गरिएको छ। पूर्वाधार विकासअन्तर्गत फास्ट ट्र्याक, राजमार्ग स्तरोन्नति, रेलमार्ग र डिजिटल पूर्वाधारलाई प्राथमिकतामा राखिएको छ। तर विगतमा पुँजीगत बजेट खर्च गर्ने सरकारी क्षमता अत्यन्त कमजोर रहेको तथ्यले यसपटकका लक्ष्यहरू पनि चुनौतीपूर्ण देखिएका छन्।

लोकतन्त्र स्थापना गर्नका लागि महत्त्वपूर्ण भुमिका लेख्ने मिडियाको विषयमा भने लोककल्याणकारी विज्ञापनलाई निरन्तरता दिने बाहेक अन्य कुनै पनि योजना ल्याएको छैन। अझ अनलाइन मिडिया लाई छुट्याउँदै आएको रकम भने काटिएको देखिन्छ।

शिक्षा क्षेत्रमा बजेट वृद्धि भए पनि सुधारको गति अपेक्षाकृत कमजोर देखिन्छ। डिजिटल शिक्षा, सीपमूलक शिक्षा र अनुसन्धानलाई जोड दिइएको छ। "सिक्दै कमाउँदै" कार्यक्रममार्फत विद्यार्थीलाई पढाइसँगै रोजगारीको अवसर दिने योजना ल्याइएको छ। तर सार्वजनिक विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, विश्वविद्यालय सुधार तथा श्रम बजारसँग शिक्षा प्रणाली जोड्ने ठोस संरचनागत कार्यक्रम भने अझै अस्पष्ट छन्।

स्वास्थ्य क्षेत्रमा स्वास्थ्य बिमा कार्यक्रम पुनःसंरचना, टेलिमेडिसिन विस्तार तथा मातृ-शिशु स्वास्थ्यलाई प्राथमिकता दिइएको छ। यद्यपि निजी अस्पतालमा उपचार गराउने बिरामीबाट स्वास्थ्य समता शुल्क उठाउने निर्णयले स्वास्थ्य सेवाको लागत बढ्ने सम्भावना देखिएको छ। त्यस्तै निजी विद्यालयमाथि थप कर लगाइएकाले शिक्षा क्षेत्र पनि थप महँगो बन्न सक्ने अनुमान गरिएको छ।

बजेटले मध्यम वर्गलाई केही कर राहत दिएको भए पनि विद्युत् उपभोगमा भ्याट, शिक्षा तथा स्वास्थ्य क्षेत्रमा थप आर्थिक भार सिर्जना गर्ने नीतिले नागरिकलाई राहतभन्दा थप बोझ थप्ने जोखिम पनि देखिएको छ। सरकार एकातिर स्वच्छ ऊर्जा प्रयोग बढाउन चाहन्छ भने अर्कोतिर ५० युनिटभन्दा बढी विद्युत् खपतमा करको भार थपिरहेको छ। यस्तो नीति आफैंमा विरोधाभासपूर्ण देखिएको टिप्पणी भइरहेको छ।

बजेटको अर्को महत्वपूर्ण कमजोरी समावेशी विकासको सवालमा देखिएको छ। दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारू, भूमिहीन, सीमान्त किसान तथा अपांगता भएका नागरिकका लागि लक्षित कार्यक्रम अपेक्षाकृत कमजोर देखिएका छन्। सामाजिक न्यायको नारा बजेटमा दोहोरिएको भए पनि त्यसलाई कार्यान्वयन गर्ने ठोस कार्यक्रम र पर्याप्त स्रोत विनियोजन भने देखिँदैन।

संघीयताको मूल मर्म स्थानीय तहलाई सबल बनाउनु भए पनि वित्तीय समानीकरण अनुदान घटाइएको छ। यसले स्थानीय सरकारमार्फत सञ्चालन हुने विकास तथा सामाजिक कार्यक्रम प्रभावित हुन सक्ने चिन्ता बढाएको छ। स्थानीय तहमा स्रोत घटाउँदै केन्द्रमा शक्ति केन्द्रित गर्ने प्रवृत्ति संघीयताको भावना विपरीत रहेको टिप्पणी हुन थालेको छ।

सरकारले बजेटमार्फत आर्थिक गतिविधि बढाउने, रोजगारी सिर्जना गर्ने, उत्पादन वृद्धि गर्ने र लगानी आकर्षित गर्ने महत्वाकांक्षी लक्ष्य प्रस्तुत गरेको छ। तर विगतका वर्षहरूमा पुँजीगत खर्च न्यून रहने, ठेक्का प्रणाली अस्तव्यस्त हुने, आयोजना समयमै सम्पन्न नहुने, भ्रष्टाचार नियन्त्रण प्रभावकारी नहुने तथा सुशासन कमजोर रहने समस्या जस्ताको तस्तै छन्।

विश्लेषकहरूका अनुसार नेपालको समस्या बजेटको आकार होइन, कार्यान्वयनको कमजोरी हो। प्रत्येक वर्ष नयाँ कार्यक्रम घोषणा गरिए पनि परिणाम नागरिकले महसुस गर्न सक्ने स्तरमा पुग्न सकेको छैन। यही कारण यस वर्षको बजेट पनि घोषणा र यथार्थबीचको दूरी घटाउन सफल हुन्छ कि हुँदैन भन्ने प्रश्नको घेरामा परेको छ।

समग्रमा बजेट २०८३/०८४ ले उत्पादन वृद्धि, डिजिटल रूपान्तरण, निजी क्षेत्रको सहभागिता तथा प्रशासनिक सुधारलाई केन्द्रमा राखेर अर्थतन्त्रलाई चलायमान बनाउने प्रयास गरेको देखिन्छ। तर बढ्दो सार्वजनिक ऋण, उच्च चालु खर्च, कमजोर कार्यान्वयन क्षमता, सामाजिक न्यायका सवालमा अपर्याप्त सम्बोधन तथा सुशासनको चुनौतीले बजेटको प्रभावकारितामाथि गम्भीर प्रश्न खडा गरेको छ।

घोषणामा महत्वाकांक्षी, तर स्रोत व्यवस्थापनमा ऋणनिर्भर र कार्यान्वयनमा पुरानै कमजोरी बोकेको यो बजेटले वास्तवमै आर्थिक रूपान्तरणको आधार तयार गर्छ वा अर्को वर्ष पनि अधुरा प्रतिबद्धताको सूचीमा सीमित हुन्छ भन्ने प्रश्नको उत्तर अब सरकारको कार्यशैलीले दिनेछ। नागरिकले बजेटको भाषण होइन, आफ्नो जीवनस्तरमा देखिने परिवर्तन खोजिरहेका छन्।

(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

## नेपाल-भारतबीचको सम्बन्ध थप सुदृढ गर्न तत्पर छौँ: परराष्ट्रमन्त्री खनाल



काठमाण्डु। परराष्ट्रमन्त्री शिशिर खनालले नेपाल-भारतबीचको सम्बन्धलाई नयाँ शिराबाट थप विस्तार र सुदृढ गर्न सरकार तत्पर रहेको बताउनुभएको छ।

भारतीय च्यानल 'एनडिटिभी'सँग आज विशेष संवाद गर्दै उहाँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) स्थापनाको करिब चार वर्षकै अवधिमा जनचाहना र समर्थनबाट सरकारको नेतृत्वमा पुगेको उल्लेख गर्दै दुई देशको बहुआयामिक सम्बन्धलाई थप सुदृढ गर्न सरकार तत्पर रहेको बताउनुभएको हो।

नेपाल र भारतबीच खुला सीमाना भए पनि एकले अर्को देशको सुरक्षा सरोकारलाई आत्मसात् गरेको उल्लेख गर्दै मन्त्री खनालले दुई देशको बहुआयामिक र हार्दिक सम्बन्धलाई अझै विस्तार गर्नुपर्नेमा जोड दिनुभयो।

मौरिससमा भएको कार्यक्रममा आफू र भारतीय समकक्षी एस जयशङ्करसँग भएको भेटको सन्दर्भ उल्लेख गर्दै उहाँले सम्भव भएका सबै क्षेत्रमा सहकार्य गर्नुपर्ने बताउनुभयो। मन्त्री खनालले व्यापार, ऊर्जा, पूर्वाधार, शिक्षा, स्वास्थ्य, प्रविधि र सम्पर्क सञ्जाललगायत क्षेत्रमा नेपालले भारतको सहयोग, लगानी र सहकार्यको अपेक्षा गरेको धारणा राख्नुभयो।

उहाँले बङ्गलादेशमा नेपालको विद्युत् निर्यातका लागि भारतको साथ रहने विश्वाससमेत व्यक्त गर्नुभयो। "हामीले विगतका कुरा लिएर आएका छैनौँ। विगतमा हामीले दुई ठुला छिमेकी मुलुकबाट विकासको लाभ जति लिन सक्नुपर्दथ्यो, त्यति सकेनौँ। अब पारस्परिक लाभ, सकारात्मक भविष्यका लागि कूटनीतिक सम्बन्ध प्रयोग गर्छौं", मन्त्री खनालले भन्नुभयो, "हामीले अझ राम्रो सहकार्यका क्षेत्र पहिचान गर्दै नेपाली जनताको जीवनयापनलाई सबलीकरणका लागि नयाँ र बहुआयामिक सहकार्य स्थापित गर्नेछौँ।"

रास्वपा सभापति रवि लामिछानेको हालैको भारत भ्रमणका क्रममा भारतीय जनता पार्टी र सरकारबाट भएको भव्य स्वागतले दुई देशबीचको आपसी सम्बन्धलाई नयाँ उचाइमा लिन उत्प्रेरणा मिलेको उहाँको भनाइ थियो।

नेपालमा रेलमार्ग विस्तार, शैक्षिक संस्थाको विकास र प्रविधि विस्तारमा चाँडै ठोस सहकार्यका लागि सहमति हुने मन्त्री खनालको विश्वास थियो। रासस

# 'जेन-जी आन्दोलन अनुसन्धानमा सेनाले सहयोग गरेन'

सेनाले सहयोग नगरेपछि उपलब्ध तथ्य र प्रमाणका आधारमा नै प्रतिवेदन तयार पारिएको उनले बताइन्। "तेस्रो पटक हाम्रो अध्यक्षज्यूले सेना प्रमुखलाई आयोगमै बोलाउनुभयो।

टुडे समाचारदाता

काठमाण्डु। राष्ट्रिय मानव अधिकार आयोगकी सदस्यसमेत रहेकी जेन- जी आन्दोलन जाँचबुझ समितिकी संयोजक डा. लिली थापाले प्रतिवेदन तयारीका क्रममा नेपाली सेनाबाट अपेक्षित सहयोग प्राप्त नभएको बताएकी छन्।

नेपाली कांग्रेसले शनिबार आयोजना गरेको 'ग्रीन टेबल' बहस कार्यक्रममा बोल्दै थापाले संवैधानिक निकायको क्षेत्राधिकारभित्र रहेर बयानका लागि बोलाउँदा समेत सेनाका जिम्मेवार अधिकारीहरू उपस्थित नभएको बताइन्। 'हामीले सेनासम्बन्धी जुन सिफारिस गरेका थियौँ, त्यसबारे पनि केही कुरा स्पष्ट गर्न चाहन्छु। किनभने त्यतिबेला सेनाले हामीलाई अपेक्षित सहयोग गरेको थिएन,' थापाले भनिन्, 'राष्ट्रिय मानव अधिकार आयोग एउटा संवैधानिक निकाय हो, जसले प्रधानमन्त्रीदेखि अन्य सम्बन्धित व्यक्तिहरूलाई बोलाएर बयान लिन सक्ने अधिकार राख्छ। त्यसैले हामीले सेनालाई निरन्तर रूपमा बोलाएका थियौँ। एकचोटि मात्र होइन, धेरै पटक।'

मानव अधिकार आयोगले गठन गरेको भदौ २३ र २४ गतेको आन्दोलन जाँचबुझ समितिकी संयोजक थापाका अनुसार, आयोगले आन्दोलनको समयमा कमान्ड सम्हालेका जिम्मेवार सैनिक अधिकारीहरूलाई पटक-पटक बोलाए पनि उनीहरू उपस्थित भएनन्।

'फेरि सेनाका सबै व्यक्तिलाई होइन, जो-जो कमान्डर तथा जिम्मेवार पदमा हुनुहुन्थ्यो, उहाँहरूलाई मात्र बोलाइएको थियो। तर



समितिसँग सम्बन्धित ती व्यक्तिहरूलाई बोलाउँदा पनि उहाँहरू उपस्थित हुनुभएन,' थापाले भनिन्, 'पहिलो पटक बोलाउँदा आउनुभएन। दोस्रो पटक रक्षा मन्त्रालयमार्फत पत्र पठाइयो। त्यसपछि आउँछु भन्नुभयो, तर रक्षा मन्त्रालयले पत्र पठाएपछि पनि आउनुभएन।'

सेनाले सहयोग नगरेपछि उपलब्ध तथ्य र प्रमाणका आधारमा नै प्रतिवेदन तयार पारिएको उनले बताइन्। 'तेस्रो पटक हाम्रो अध्यक्षज्यूले सेना प्रमुखलाई आयोगमै बोलाउनुभयो। उहाँले अब म सहयोग गर्छु भन्नुभयो, तर त्यसपछि पनि आवश्यक सहयोग प्राप्त भएन,' थापाले भनिन्, 'त्यसपछि समितिले अनन्तकालसम्म प्रतीक्षा गरेर बस्ने अवस्था थिएन। हामीले जे देख्यौँ, जे तथ्य फेला पार्‍यौँ, त्यसैका आधारमा प्रतिवेदन तयार गर्‍यौँ।'

आयोगले सार्वजनिक गरेको ६ सय पृष्ठ लामो विस्तृत प्रतिवेदनमा गहन विश्लेषणसहित नीतिगत सिफारिस र थप अनुसन्धानका विषयलाई छुट्टाछुट्टै राखिएको छ। प्रतिवेदनमा केही कमी-कमजोरी हुन सक्ने स्वीकार गर्दै थापाले आयोगको निर्देशिका बमोजिम चित्त नबुझ्ने पक्षलाई तीन महिनाभित्र पुनरावलोकनको निवेदन दिनसक्ने व्यवस्था रहेको जानकारी दिइन्।

'निःसन्देह, प्रतिवेदनमा केही कमीकमजोरी हुन सक्छन्। म स्वयं पनि यो प्रतिवेदन शतप्रतिशत त्रुटिरहित छ भनेर दाबी गर्न सक्दिनँ। त्यसै कारण मानव अधिकार आयोगको निर्देशिकाले पनि के व्यवस्था गरेको छ भने कसैलाई प्रतिवेदनप्रति चित्त नबुझे तीन महिनाभित्र पुनरावलोकनको निवेदन दिन सकिन्छ,' उनले भनिन्, 'हामीले नाम उल्लेख गरेका व्यक्तिहरूमध्ये दुई-तीन जना अभियन्ताहरूले आफूलाई दोषी नठहराइएको भए पनि अनुसन्धानको दायरामा राखिएको विषयमा आपत्ति जनाउँदै निवेदन दिनुभएको छ।'

हालसम्म दुई-तीन जना अभियन्ताले आफ्नो नाम अनुसन्धानको दायरामा राखिएकोमा आपत्ति जनाउँदै निवेदन दिएको र आयोगले ती निवेदनहरूमाथि पुनरावलोकन प्रक्रिया अघि बढाउने उनले बताइन्।

अन्तर्राष्ट्रिय मञ्चमा समेत यो प्रतिवेदनप्रति उच्च चासो रहेको थापाले सुनाइन्। जेनेभामा आयोजित मानव अधिकार परिषद्को बैठकमा अन्तर्राष्ट्रिय समुदायले आयोगको यस प्रतिवेदनबारे पटक-पटक प्रश्न उठाएको उनले बताइन्।

'अब राष्ट्रिय मानव अधिकार आयोगले दिएका सिफारिसहरू कार्यान्वयन भएनन् भने के हुन्छ ? अन्तर्राष्ट्रिय रूपमा यसको प्रभाव स्वतः पर्ने नै छ,' उनले सुनाइन्, 'म केही समयअघि प्रतिवेदन सार्वजनिक हुनुअघि जेनेभामा मानव अधिकार परिषद्को कार्यक्रममा गएको थिएँ। त्यहाँ मलाई अन्य विषयमा बोल्नसमेत दिइएन। मानवअधिकार परिषद्का सदस्यहरूले एउटै प्रश्न बारम्बार सोधिरहेका थिए- तपाईंहरूको प्रतिवेदन कहाँ छ ?'

प्रतिवेदन सार्वजनिक भइसकेको अवस्थामा अब यसको कार्यान्वयन मुख्य चुनौती रहेको उनको भनाइ छ। 'कुन व्यक्ति को हो, कुन पक्षको हो भन्नेभन्दा पनि सिफारिसहरूको सार र उद्देश्यलाई सरकारले प्राथमिकता दिनुपर्छ। त्यसका आधारमा सिफारिसहरू कार्यान्वयन हुनुपर्छ,' उनले भनिन्, 'अन्यथा विगतमा जस्तै प्रतिवेदन प्रधानमन्त्री कार्यालयको दराजमा थन्किएर बस्ने अवस्था दोहोरिनु हुँदैन।'

आयोगले सिफारिस गरेका विषयहरू कार्यान्वयन नभए भविष्यमा पुनः सडक आन्दोलन हुनसक्ने र यसले अन्तर्राष्ट्रिय रूपमा समेत नेपालको छविमा नकारात्मक प्रभाव पार्ने उनले टिप्पणी गरिन्।

## 'रोजगारी प्रवर्द्धनका क्षेत्रलाई राज्यले प्राथमिकता दिनुपर्छ'



टुडे समाचारदाता

काठमाण्डु। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का सहसंयोजक एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले रोजगारी प्रवर्द्धनका क्षेत्रहरूलाई राज्यले प्राथमिकता दिनुपर्ने बताएका छन्।

काठमाण्डुमा शनिबार नेपाल सुनचाँदी कला व्यवसायी सङ्घको अधिवेशन उद्घाटन गर्दै नेपालले रोजगारी नपाएर मानिसहरू संसारमा भौतारि नुपर्ने अवस्था रहेको भन्दै स्वदेशमा नै रोजगारी प्रवर्द्धनका क्षेत्रहरूलाई राज्यले प्राथमिकता दिनुपर्ने बताएका हुन्।

उनले कुनै पनि व्यवसायमा प्रतिकूल असर नपरोस् भन्नका लागि विशेष ध्यान दिनुपर्ने आवश्यकता रहेको बताए। उनले आफ्नै देशमा उत्पादन गर्न र उपभोग गर्दै विदेशमा निर्यात गर्न सके आयात केन्द्रित अर्थतन्त्र निर्यातमुखी हुने स्थिति बन्न सक्ने उल्लेख गरे। देशको अर्थतन्त्रको विस्तार र राजस्वमा वृद्धिका लागि सिङ्गो उद्योग व्यवसाय पनि फस्टाउनुपर्ने उनको भनाइ छ।

सहसंयोजक नेपालले देशको उद्योग धन्दाहरू पनि फस्टाउन सके नागरिकहरू पनि आर्थिक रूपमा सबल हुने र क्रय शक्ति बढ्ने बताए।

# रास्वपाको लक्ष्य वैकल्पिक शक्ति मात्र होइन, मलुकको नेतृत्व हो: सभापति लामिछाने

काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले युगले दिएको अभिभारा पूरा गर्न सबैले धैर्य, त्याग र समर्पण देखाउनुपर्ने बताउनुभएको छ।

शनिबार र आइतबार हुन गइरहेको पार्टीको जिल्ला अधिवेशनका सन्भर्दमा उहाँले सामाजिक सञ्जालमा 'म' बाट 'हामी'मा रुपान्तरण हुने बेला आएको बताउनुभएको छ।

"पछिल्लो जनमतलाई अझ विस्तार गर्न र राजनीतिलाई सुसंस्कृत, पारदर्शी तथा जनमैत्री बनाउन हामी सबैले धैर्य, त्याग र समर्पण देखाउनुपर्छ", सभापति लामिछाने भन्नुभएको छ।

अधिवेशन र महाधिवेशन केवल नेतृत्व चयनको प्रक्रिया मात्र नभएको जनाउँदै उहाँले महाधिवेशन प्रक्रिया पार्टी जीवन, विधि, अभ्यास र स्वस्थ परम्परा निर्माण गर्ने अवसर भएको बताउनुभएको छ। "यसले हाम्रो आगामी यात्रालाई स्पष्ट दिशानिर्देश गर्नेछ", उहाँले लेख्नुभएको छ।

रास्वपाको आज ३७ र भोलि २९ जिल्लामा अधिवेशन हुँदैछन्। रास्वपाको पहिलो महाधिवेशनको प्रक्रियाअन्तर्गत वडा र पालिका तहका अधिवेशन सम्पन्न




भइसकेका छन्।

पार्टीको सर्वोपरि हितका लागि हरेक तहमा सक्षम, इमानदार र जनमैत्री नेतृत्व आवश्यक रहेको उल्लेख गर्दै सभापति लामिछानेले संवाद, सहमति र आन्तरिक निर्वाचनजस्ता लोकतान्त्रिक विधि अपनाएर नेतृत्व चयन गरिनु नै हाम्रो संस्कार भएको बताउनुभएको छ। लोकतान्त्रिक प्रक्रियाबाट पार्टी अझ बलियो र परिपक्व बन्दै जाने उहाँको भनाइ छ।

"हामीले रास्वपालाई उन्नत लोकतान्त्रिक पार्टी बनाउने लक्ष्य लिएका छौँ। त्यसका लागि विचार मात्र होइन, हाम्रो शैली, व्यवहार र राजनीतिक संस्कार पनि उन्नत हुनुपर्छ", सभापति लामिछानेले भन्नुभएको छ, "पुरानै सोच, शैली र प्रवृत्ति बोकेर हामी नयाँ र परिस्कृत जनमैत्री शक्ति बन्न सक्दैनौँ।"

स्थापनाकालमा सीमित दायरामा सहमतिका आधारमा बाँडिएका तदर्थ जिम्मेवारीलाई स्थायी मानक मानेर पदोन्नतिको अपेक्षा राख्ने वा 'योगदान'को हिसाब-किताब खोज्ने प्रवृत्ति पार्टी जीवनका लागि हितकर नहुने उहाँले लेख्नुभएको छ।

"चार वर्षमै यस्तो प्रवृत्तिले जरा गाड्न खोज्नु चिन्ताको विषय हो, जसलाई हामीले समयमै सच्च्याउनुपर्छ", सभापति लामिछानेले भन्नुभएको छ, "पार्टी जिम्मेवारीमा रहेर भविष्यमा संसदीय अवसर प्राप्त गर्ने आशयले नेतृत्वका लागि मरिहत्ते गर्ने प्रवृत्तिलाई अधिवेशनकै लोकतान्त्रिक प्रक्रियाबाट न्यूनीकरण गर्नु आजको आवश्यकता हो।"

मतदाताको विवेक र पार्टीका सम्पूर्ण सदस्यको समर्पणले आजको सफलता सम्भव भएको उल्लेख गर्दै सभापति लामिछानेले पुरानाले बनाएको जगमा नयाँ पुस्ताको ऊर्जा र सक्रियताले पार्टीको यात्रालाई यहाँसम्म ल्याएको बताउनुभएको छ।

"अब हाम्रो लक्ष्य केवल वैकल्पिक शक्ति बन्ने होइन, मुलुकको नेतृत्व गर्ने सक्षम राजनीतिक शक्ति बन्ने हो। त्यसका लागि पार्टीलाई अझ फराकिलो, समावेशी र सुदृढ बनाउनुपर्छ। तर, सङ्गठन विस्तार हुँदा 'म रहन्न कि' भन्ने सङ्कीर्ण चिन्तालाई त्याग्नुपर्छ", उहाँले भन्नुभएको छ। रासस

# कानुन निर्माणमा तीन तहका सरकारबीच सहकार्य हुनुपर्ने




भजनी। सभामुख डोलप्रसाद अर्यालले कानुन निर्माण गर्दा तीन तहका सरकारबीच समन्वय एवं सहकार्य हुनुपर्ने बताउनुभएको छ।

अन्तर व्यवस्थापिका मञ्चले टीकापुरमा आज आयोजना गरेको अन्तर व्यवस्थापिका सम्मेलनमा उहाँले सङ्घीयता कार्यान्वयनमा सङ्घीय संसद् र प्रदेशसभाबीच प्रभावकारी रुपमा समन्वय, सहयोग र सहकार्य हुनुपर्ने बताउनुभएको हो।

तीन तहका सरकारबीचको समन्वय र सहकार्यमा नबाझिने गरी कानुन निर्माण हुनुपर्नेमा जोड दिँदै सभामुखले भन्नुभयो, "तीनवटै तहका सरकारले बनाउने कानुन नबाझिने गरी काम गर्न म प्रतिबद्ध छु।" सबैसँग समन्वय, सहकार्य गरेर कानुन निर्माणलाई अगाडि बढाउनेछु। आपसी समन्वय र सहकार्यले मात्र जनताका अपेक्षालाई बुझेर काम गर्ने वातावरण बन्नेछ।"

कानुन निर्माण हुँदा लक्षितवर्गलाई केन्द्रमा राख्नुपर्नेमा सभामुख अर्यालले जोड दिनुभयो। कानुनको कार्यान्वयन गर्नुपर्ने वर्गले कानुन निर्माण भएपछि मात्रै थाहा पाउँदा कार्यान्वयनमा चुनौती देखिँदै गएको भन्दै उहाँले लक्षित समूहसँग समन्वय र सहकार्य गरेर मात्रै कानुन निर्माण गरिनुपर्ने बताउनुभयो।

तीन तहको सरकारमा समन्वयको अभाव छ : अध्यक्ष दाहाल

यसैगरी, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले स्थानीय र प्रदेशसँग सङ्घीय सरकारको समन्वय नपुगेको गुनासोलाई सङ्घीय संसद्ले सम्बोधन गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो।

सङ्घले आवश्यक कानुन नबनाउँदा प्रदेश र स्थानीय तहलाई समस्या भएको स्वीकार गर्दै उहाँले संवैधानिक अधिकारसहित प्रदेश र स्थानीय तहलाई काम गर्ने वातावरण बनाउनुपर्ने बताउनुभयो।

जनताका भावनालाई आत्मसात् गर्दै लोकतन्त्रलाई मजबुत बनाउनेतर्फ तीनवटै तहको भूमिका महत्त्वपूर्ण रहेको उहाँको कथन थियो।

सम्मेलनमा सङ्घीय संसद्का दुवै सदन र सातवटै प्रदेशसभाका सभामुख सहभागी हुनुहुन्छ। सम्मेलन भोलि सम्पन्न हुनेछ। रासस

# सरकारी निकायमा हुने गरेका 'सेटिङ' र बिचौलियातन्त्र क्रमशः अन्त्य हुँदैछ : मन्त्री डा. तिमिल्सिना

त्रिशूली। सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले देश विकास र सुशासनसहितको नयाँ राजनीतिक संस्कारतर्फ अघि बढिरहेको बताउनुभएको छ। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नुवाकोटको बट्टारमा आयोजित प्रथम जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै मन्त्री डा तिमिल्सिनाले विगतमा राजनीति पहुँचका आधारमा हुने बदमासीको अन्त्य गर्दै सरकारी निकायमा हुने 'सेटिङ' र बिचौलियातन्त्र क्रमशः अन्त्य हुँदै आएको बताउनुभयो।

उहाँले नागरिक सेवा प्रवाहलाई पारदर्शी, जवाफदेही र भ्रष्टाचार मुक्त बनाउने दिशामा सरकार अघि बढिरहेको मन्त्री तिमिल्सिनाले स्पष्ट पार्नुभयो। "सरकार र मन्त्रीलाई प्रलोभनमा पारेर निर्णय



प्रभावित गर्ने बिचौलियाको भूमिका देशभर समाप्त हुँदै गएको छ", मन्त्री तिमिल्सिनाले भन्नुभयो, "वडा तहदेखि नै राजनीतिक संस्कार परिवर्तन गर्न आवश्यक छ", "राजनीति स्वार्थको साधन होइन, देश निर्माणको माध्यम हुनुपर्छ।" उहाँको अनुसार अब निर्णय प्रक्रियामा कुनै व्यक्ति वा बिचौलियाको प्रभावमा नभई प्रणालीगत रूपमा अघि बढ्ने अवस्थामा पुगेको छ।

उहाँले विकासका काममा कुनै पनि क्षेत्र वा समुदायलाई विभेद नगरिएको उल्लेख गर्दै सबै नागरिकलाई समान पहुँच दिलाउने प्रणाली विकासमा सरकार केन्द्रित रहेको स्पष्ट पार्नुभयो। तीनै तहका सरकारका निर्णय र कार्यदिशा दीर्घकालीन दृष्टिले मूल्याङ्कन गर्नुपर्ने बताउँदै छोटो समयमा सबै परिणाम नदेखिए पनि जनताले विकास र सुशासनको महसुस पाउनुपर्ने उहाँको भनाइ छ।

कार्यक्रम नुवाकोट-२ बाट निर्वाचित सांसद् डा अचुतम लामिछानेले संसद् र सरकारले जनताको सेवाको लागी अहोरात्र काम गरिरहेको बताउनुभयो। दिन र अवधिको गणना गरेर नतिजा निकाल्नुपर्ने प्रधानमन्त्री बालेन्द्र शाहको निर्देशन भएकाले आफूरूप सोहीअनुसार खटिएको उहाँको भनाइ छ।

धादिङबाट निर्वाचित सांसद् बोधनारायण श्रेष्ठले नुवाकोट र धादिङका साझा विकासका एजेण्डा मिलेर समाधान गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले सक्षम नेतृत्वले मात्र समस्या समाधान गर्न सक्ने धारणा राख्दै त्यसको लागी रास्वपा नै एक मात्र राजनीतिक शक्तिको रुपमा रहेको दाबी गर्नुभयो।

रास्वपा नुवाकोटको जिल्ला अधिवेशनमार्फत नयाँ नेतृत्व चयनको लागि सर्वसम्मतको प्रयासमा लाग्न प्रतिनिधिरूपले सुझाव दिएका छन्। आकांक्षीरूप धेरै भएकाले सर्वसम्मत नभएसगैं नयाँ नेतृत्व चयन निर्वाचन प्रक्रियामार्फत अघि बढाइएको निर्वाचन संयोजक वसन्तराज फुयाँलले जानकारी दिनुभयो। रासस

# सुदूरपश्चिमको समग्र विकासका लागि मिलेर काम गर्न आवश्यक छ: प्रदेश प्रमुख मियाँ

गोदावरी। सुदूरपश्चिमका प्रदेश प्रमुख नजिर मियाँले सुदूरपश्चिमको समग्र विकासका लागि स्थानीय र प्रदेश सरकार मिलेर काम गर्न आवश्यक रहेको बताउनुभएको छ। आज धनगढीमा आयोजित 'स्थानीय सरकार– अनुभव र उपलब्धि' विषयक कार्यक्रम उद्घाटन गर्दै उहाँले सुदूरपश्चिम थुप्रै सम्भावना भएको क्षेत्र भएकाले अब मिलेर सुन्दर बनाउनुपर्ने बताउनुभयो।

प्रदेश प्रमुख मियाँले भन्नुभयो,"यो प्रदेश जलस्रोत, वन जङ्गल र सुन्दरताका हिसाबले देशभरमै अग्रस्थानमा छ। सबै मिलेर काम गरेमा सिङ्गो देशले नै यहाँबाट लाभ लिनसक्छ। त्यसैले प्रदेश र स्थानीय सरकारकाले अरु सबैलाई साथमा लिएर काम गर्नुपर्छ।"

उहाँले संविधानले नै तीन तहका सरकारले गर्ने काम प्रष्ट रूपमा छुट्याएको उल्लेख गर्दै सोहीअनुसार आफ्नो जिम्मेवारीमा रहेका काम गर्नुपर्नेमा जोड दिनुभयो। "स्थानीय, प्रदेश र सङ्घीय सरकारले गर्ने कामबारे प्रष्ट व्यवस्था छ। त्यसको मर्मलाई आत्त्मसात गर्दै जिम्मेवारी पूरा गरेमा सङ्घीयतालाई सफल पार्न सकिन्छ। त्यसैले विकासका लागि हातेमालो गरौँ", प्रदेश प्रमुख मियाँले भन्नुभयो।

'असल अभ्यास, आशाको सञ्चार' नाराका साथ आयोजित उक्त कार्यक्रममा सुदूरपश्चिमका ३० वटा स्थानीय तहका असल अभ्यासबारे जानकारी प्रस्तुत गरिएको थियो। सुदूरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, प्रदेशका स्थानीय तह र युनिसेफको सहकार्यमा कार्यक्रम आयोजना गरिएको हो। रासस

# अफ्रिकामा इबोला सङ्क्रमणको खतरा बढ्दो, कंगो सबैभन्दा प्रभावित

रासस/एएफपी । अफ्रिकी मुलुक कङ्गो लोकतान्त्रिक गणतन्त्रमा फैलिएको इबोला महामारीले गम्भीर रूप लिँदै गएको छ । अमेरिकी रोग नियन्त्रण तथा रोकथाम केन्द्रले सार्वजनिक गरेको पछिल्लो विश्लेषणअनुसार संक्रमित व्यक्तिहरूलाई समयमै पहिचान गरी अलग राख्ने कार्य प्रभावकारी हुन नसकेमा आगामी तीन महिनाभित्र सङ्क्रमितको संख्या २० हजारभन्दा बढी पुग्न सक्ने जोखिम रहेको छ । केन्द्रका अनुसार हालको कमजोर नियन्त्रण अवस्थालाई निरन्तरता दिइएमा संक्रमित संख्या २० हजार नाघ्ने सम्भावना ६५ प्रतिशतसम्म रहेको छ।



विशेषज्ञहरूले इबोला सङ्क्रमितलाई छिटो पहिचान गरी उपचार केन्द्रमा अलग राख्नु महामारी नियन्त्रणको सबैभन्दा प्रभावकारी उपाय भएको बताएका छन् । तर प्रभावित क्षेत्रहरूमा स्वास्थ्य सेवाको पहुँच सीमित हुनु, जनशक्तिको अभाव तथा असुरक्षाका कारण संक्रमितहरूको वास्तविक संख्या यकिन गर्न कठिन भइरहेको छ।

इबोला नियन्त्रण अभियानमा संलग्न वरिष्ठ अधिकारी सतीश पिल्लईले संक्रमणको वास्तविक अवस्था अझै पूर्ण रूपमा स्पष्ट नभएको बताउनुभयो । उहाँका अनुसार उपचार र अलग राख्नुपर्ने संक्रमितहरूको सङ्ख्या अनुमानभन्दा बढी हुन सक्ने संकेतहरू देखिएका छन् । स्थलको अवस्थाले हाल संक्रमितहरूलाई अलग राख्ने कार्य पर्याप्त प्रभावकारी नभएको देखाएको उनले उल्लेख गर्नुभयो।

यसैबीच, विश्व स्वास्थ्य संगठन र अफ्रिकी संघको सार्वजनिक स्वास्थ्य निकायले कंगो तथा छिमेकी मुलुकहरूमा फैलिएको इबोला महामारी नियन्त्रण गर्न आगामी छ महिनाका लागि ५१ करोड ८० लाख अमेरिकी डलर आवश्यक पर्ने जनाएको छ। उक्त रकम उपचार, निगरानी, खोप अभियान, जनचेतना अभिवृद्धि तथा सीमा क्षेत्रमा स्वास्थ्य सुरक्षा सुदृढीकरणका लागि खर्च गरिने बताइएको छ।

यो महामारी गत मे १५ मा कङ्गोको उत्तरपूर्वी क्षेत्रमा औपचारिक रूपमा घोषणा गरिएको थियो । यद्यपि दुर्लभ बन्डिबुग्यो प्रजातिको इबोला भाइरस घोषणा हुनुभन्दा केही समयअघिदेखि नै समुदायमा फैलिइरहेको स्वास्थ्य अधिकारीहरूको अनुमान छ।

पछिल्लो तथ्यांकअनुसार कङ्गोमा हालसम्म ३८१ जनामा संक्रमण पुष्टि भएको छ। तीमध्ये ६४ जनाको मृत्यु भइसकेको छ। संक्रमण विशेषगरी तीन प्रान्तमा फैलिएको छ, जसमध्ये इटुरी प्रान्त सबैभन्दा बढी प्रभावित बनेको छ । कुल संक्रमितमध्ये करिब ९० प्रतिशत र मृत्यु भएका व्यक्तिमध्ये ७६ प्रतिशत इटुरी प्रान्तकै रहेका छन्।

छिमेकी मुलुक युगान्डामा पनि संक्रमण फैलिन थालेको छ । त्यहाँ हालसम्म १६ जनामा संक्रमण पुष्टि भएको छ भने एक जनाको मृत्यु भएको छ। यद्यपि उपचारपछि कंगोमा सात जना र युगान्डामा दुई जना सङ्क्रमित पूर्ण रूपमा निको भएका छन्।

स्वास्थ्य अधिकारीहरूले महामारी अझै नियन्त्रणबाहिर जाने जोखिम रहेको चेतावनी दिँदै संक्रमितको खोजी, सम्पर्कमा आएका व्यक्तिहरूको निगरानी, उपचार सेवाको विस्तार र जनचेतना कार्यक्रमलाई थप प्रभावकारी बनाउन अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको अपिल गरेका छन्।

# विश्वकप फुटबल प्रतियोगिताका लागि अन्तिम व्यवस्थापन तीव्र, भिसामा अमेरिकाले विभेद गरेको इरानको आरोप

रासस/एएफपी । विश्वकप फुटबल प्रतियोगिता सुरु हुन करिब एक हप्ता बाँकी रहँदा खेलका लागि चयन भएका सहभागी राष्ट्रहरूबाट खेलका लागि आयोजक देशका लागि प्रवेशआज्ञा लिने र उनीहरूको व्यवस्थापन गर्ने क्रम तीव्र बनेको छ।



यस पटकको विश्वकप फुटबल प्रतियोगिता संयुक्त राज्य अमेरिका, क्यानडा र मेक्सिकोले संयुक्त रूपमा आयोजना गर्ने भएका छन् । खेलको उद्घाटन यही जेठ २९ गते हुनेछ।

आयोजक राष्ट्रमध्ये एक अमेरिका र इरानबीच जारी द्वन्द्वका कारण आयोजक राष्ट्र अमेरिकाले विश्वकप प्रतियोगितामा सहभागी हुन लागेको इरानी फुटबल टोलीका केही सदस्यहरूलाई भिसा नदिएर ‘विभेदपूर्ण व्यवहार’ गरेको आरोप इरानले अमेरिकामाथि लगाएको छ।

टर्कीस्थित इरानी दूतावासले अमेरिकी राजदूत टम कराकले खेलाडीहरूलाई भिसा प्रदान गरिएको घोषणा गरेको उल्लेख गर्दै भनेको छ, “व्यवस्थापकीय र कार्यकारी कर्मचारी, प्राविधिक सल्लाहकारहरू र अन्य जो कुनै पनि राष्ट्रिय फुटबल टोलीको अभिन्न अङ्ग हुन्, उनीहरूलाई भिसा दिन अस्वीकार गरिएको छ भनेर तपाईं किन भन्नुहुन्न ?”

दूतावासले अगाडि भनेको छ, “इरानको राष्ट्रिय फुटबल टोलीविरुद्ध जानाजानी र भेदभावपूर्ण व्यवहारलाई उच्च स्तरमा पुर्याइएको छ।”

इरानको राष्ट्रिय फुटबल टोलीका प्रमुख मेहदी ताजले सोही दिन इरानी प्रतिनिधिमण्डलले भिसाका लागि राहदानी बुझाएको बताएपछि बराकले शुक्रबार कुटनीतिक पहलका लागि अङ्कारास्थित अमेरिकी दूतावासको प्रशंसा गर्नुभएको थियो।

शनिबार इरानी सञ्चारमाध्यम र भर्जेश-३ नामक इरानी स्पोर्ट्स अनलाइनले ताजसहित प्रतिनिधिमण्डलका सदस्यहरू, कार्यकारी सदस्यहरू र विश्लेषकहरूलाई भिसा नदिइएको बताएका छन्।

शुक्रबार ताजले सरकारी टेलिभिजनसँग कुरा गर्दै भन्नुभयो, “टोलीका सबैजनालाई भिसा जारी गरिनेछ भन्ने आफ्नो मूल्यांकन रहेको र यस सम्बन्धमा कुनै समस्या नहुने आशा गरिएको छ।”

इरानीहरूले आफ्नो विश्वकप खेलमा टोली रहने स्थानलाई स्थानान्तरण गरेका छन् । शुरुमा टक्सन, एरिजोनामा हुने भनिएको उक्त बसाईलाई उत्तरपश्चिमी मेक्सिकन सीमावर्ती शहर तिजुआनामा स्थानान्तरण गरिएको छ।

टोलीका सबै तीन समूह चरणका खेलहरू संयुक्त राज्य अमेरिकामा हुने कार्यतालिका सार्वजनिक भएको छ।

टोलीले जुन १५ मा न्युजिल्यान्डसँग जुन २१ मा बेल्जियमसँग दुई खेल लस एन्जलसमा र जुन २७ मा इजिप्टसँग सियाटलमा खेल्नेछ।

## एकै दिनमा तीन हजार भन्दा बढी अफगान शरणार्थी स्वदेश फिर्ता



रासस/एएफपी।
एकै दिनमा तीन हजार ५०० भन्दा बढी अफगान शरणार्थी आफ्नो मातृ भूमि अफगानिस्तान फर्केको बख्तार समाचार एजेन्सीले शनिबार रिपोर्ट गरेको छ।

अफगान मिडीयाहरुले ६८२ परिवारका तीन हजार ५७४ जना अफगान नागरिक शुक्रबार आफ्नो मातृ भूमि अफगानिस्तान फर्केको जनाएका छन्।

बख्तार समाचारका एजेन्सीका अनुसार १२६ जना शरणार्थी इरानबाट फर्केका हुन भने बाँकी तीन हजार ४४८ जना पाकिस्तानबाट फर्केका हुन्।

सन् २०२३ को अन्त्य देखि करीव ५० लाख भन्दा बढी शरणार्थी अफगानिस्तान फर्केको जनाइएको छ भने चालु यस वर्षको जनवरी देखि सात लाख भन्दा बढी फर्केका छन्।

# विश्वभरका साना जलाशयको क्षमता घट्दै : अध्ययन

रासस/एएफपी । हालै सार्वजनिक एक अध्ययनले विश्वभरका साना जलाशयहरूको पानी भण्डारण क्षमता उल्लेखनीय दरमा घटिरहेको देखाएको छ । यसले भविष्यमा पानी अभावको सामना गरिरहेका अर्बौं मानिसलाई थप प्रभावित पार्न सक्ने चेतावनी दिइएको छ।



प्रख्यात वैज्ञानिक पत्रिकामा प्रकाशित अध्ययनअनुसार विश्वका जलाशयहरूले प्रत्येक दशकमा औसत ७ दशमलव ३ प्रतिशत भण्डारण क्षमता गुमाइरहेका छन् । विशेषगरी साना जलाशयहरू यस समस्याबाट सबैभन्दा बढी प्रभावित भएका छन्।

चिनियाँ विज्ञान प्रतिष्ठानअन्तर्गत नान्जिङ भूगोल तथा ताल विज्ञान संस्थानका अनुसन्धानकर्ताहरूको नेतृत्वमा गरिएको अध्ययनले उपग्रह तस्बिर, भौगोलिक तथ्याङ्क तथा इन्जिनियरिङ अभिलेखको आधारमा विश्वव्यापी जलाशयको विस्तृत तथ्याङ्क भण्डार तयार गरेको छ । यसमा विश्वभरका पाँच लाख ५० हजारभन्दा बढी जलाशय समेटिएका छन्।

अध्ययनअनुसार तीमध्ये ९५ प्रतिशतभन्दा बढी जलाशय एक वर्ग किलोमिटरभन्दा साना छन् । यस्ता जलाशयहरू अघिल्ला धेरै अनुसन्धानमा पर्याप्त रूपमा समावेश गरिएका थिएनन्।

अनुसन्धानकर्ता लिउ काईका अनुसार साना जलाशयलाई समेत समेटेर गरिएको यो पहिलो उच्च-स्तरीय विश्वव्यापी मूल्यांकन हो।

उहाँले जलाशयहरूले कृषि सिँचाइ, खानेपानी, बाढी नियन्त्रण तथा विद्युत् उत्पादनमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । तर नदीबाट बगेर आउने माटो, बालुवा तथा अन्य पदार्थ बाँध पछाडि थुप्रिँदै जाँदा जलाशयमा पानी भण्डारण गर्ने ठाउँ घट्दै जाने र उपयोगिता कमजोर बन्दै जाने समस्या बढिरहेको उनको भनाइ छ।

अध्ययनले जलाशयमा अत्यधिक गाद जम्ने १६ वटा प्रमुख जोखिम क्षेत्र पनि पहिचान गरेको छ । तीमध्ये धेरै क्षेत्र सिँचाइमा निर्भर कृषि उत्पादनका केन्द्र तथा पानी अभाव झेलिरहेका स्थानहरू रहेका छन्।

विश्वको करिब एक चौथाइ सिँचित खेतीयोग्य भूमि यस्ता उच्च जोखिमयुक्त क्षेत्रमा पर्दछ, जसको प्रभाव दुई अर्बभन्दा बढी मानिसमा पर्न सक्ने अध्ययनले जनाएको छ। यसले दीर्घकालीन खाद्य तथा जल सुरक्षाप्रति गम्भीर चिन्ता उत्पन्न गरेको छ।

अनुसन्धानकर्ताहरूले तत्काल प्रभावकारी कदम नचालिए सन् २०६० सम्म विश्वका आधाभन्दा बढी जलाशयहरूको कार्यक्षमता गम्भीर रूपमा प्रभावित हुन सक्ने चेतावनी दिएका छन्।

अर्का अनुसन्धानकर्ता सोङ छुनछ्याओले जलाशयमा गाद जम्ने समस्या पानी, खाद्य तथा ऊर्जा सुरक्षाका लागि बढ्दो चुनौती बन्दै गएको उल्लेख गर्दै दिगो व्यवस्थापन प्रणाली अपनाउनुपर्ने आवश्यकता औंल्याएका छन्। उनका अनुसार मानव कल्याण र विश्वव्यापी विकास लक्ष्य हासिल गर्न जलाशयको दिगो संरक्षण अपरिहार्य छ।

# नेपाली महिला टोली अलआउट

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल एसिसी उमन्स प्रिमियर कपको समूह चरणको अन्तिम खेलमा हङकङसँग ६९ रनले पराजित भएको छ।

जितको लागि १ सय १० रनको चुनौती पछाएको नेपाल १३.३ ओभरमा सबै विकेट गुमाएर मात्र ४० रनमा समेटियो।



नेपाली टिमले बनाएको यो अहिलेसम्मकै कम योगफल हो। यसअघि दक्षिण एसियाली खेलकुदमा बंगलादेशसँग ५० रनमा र दुई वर्ष अगाडि मलेसियासँग ५० रनमा समेटिएको थियो।

पहिलो ३ विकेट नेपालले एक पनि नजोडी गुमायो। पहिलो ओभरको ५ बल सकिंदा नेपालले ३ रन बनाएको थियो । छैटौं बलमा ओपनर बिन्दु रावल गोल्डेन डक आउट भइन् । अर्को बलमा सम्झना खड्काले ३ रनमा आउट भइन् । यसपछि पूजा महतो पनि रनको खाता नखोली आउट भइन् । ३ रन जोड्दा नेपालले ३ विकेट गुमायो।

यो स्थितिमा पनि नेपाल सम्हालिन सकेन् । रुबि पोद्दार पनि रन नजोडी पबिलियन फर्किन् । ४ विकेट गुमाउँदा ७ रन बनाएको नेपालले कप्तान इन्दु बर्मालाई पनि ६ रनमा गुमायो । यतिखेर नेपालले १९ रन बनाएको थियो।

कुनै पनि खेलाडीले इनिङ्स सम्हाल्न सकेनन् । सोनी पाखिन ११ रनमा, रुविना क्षेत्री १० रनमा, सीता राना मगर र रिया शर्मा समान १ रनमा र मनिषा उपाध्याय रनको खाता नखोली आउट भए। नेपाल ४० रनमा अलआउट भयो।

बलिङमा इक्रा सहरले ४ ओभरमा ४ रन दिएर ४ विकेट लिंदै प्रभावशाली बलिङ गरिन्। चान का यीङ र मर्याम बीबीले समान २/२ विकेट लिए।

यसअघि नेपालले टस जितेर फिल्डिङ रोज्यो । पहिले ब्याटिङ गरेको हङकङले २० ओभरमा ३ विकेट गुमाउँदै १ सय ९ रन बनायो।

१८ रन जोड्दा ओपनर नतासा माइल्स आउट भइन्। ६ रन जिडेर उनी रन आउट भइन्। यसपछि मारिको हिल र यास्मिन डसवानीले दोस्रो विकेटको लागि ३४ रनको साझेदारी गरे। मारिको २९ रन जोडेर रिया शर्माको बलमा सीता राना मगरद्वारा क्याच आउट भइन् । लगतै चान का वीङ ११ रनमा आउट भइन्।

क्रिजमा जमेकी यास्मिन र मारिना लामप्लोगले चौथो विकेटको लागि अविजित ३९ रनको साझेदारी गरे । यास्मिन ४२ बल खेल्दै २ चौका सहुत अविजित ४२ रनमा क्रिजमा रहिन् । मारिनाले अविजित १८ रन बनाइन्।

बलिङमा रिया शर्मा र रुविना क्षेत्रीले १/१ विकेट लिए।

नेपाल र हङकङ दुवै क्वाटर फाइनलमा प्रवेश गरिसकेका छन्। जुतमा हङकङ समिह विजेता बन्दै र नेपाल उप विजेता बनेर क्वाटर फाइनलमा पुगे। अब नेपालले समूह ‘ए’ को विजेतासँग खेल्ने भएको छ।

# दक्षिण सुडानमा द्वन्द्व चर्किँदा तीन लाखभन्दा बढी विस्थापित



रासस/एएफपी । संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालयले दक्षिण सुडानको पूर्वी जोङ्लेई राज्यमा गम्भीर मानवीय तथा सुरक्षा संकट उत्पन्न भएको चेतावनी दिएको छ । महिनौंदेखि जारी द्वन्द्व र असुरक्षाका कारण सयौं हजार नागरिक घरबार छाड्न बाध्य भएका छन्।

संयुक्त राष्ट्रसंघीय शरणार्थी निकायका अनुसार जोङ्लेई राज्यको अकोबो काउन्टीबाट मात्रै करिब एक लाख ४० हजार मानिस विस्थापित भएका छन् । सन् २०२५ को डिसेम्बरयता जोङ्लेई तथा छिमेकी राज्यहरूबाट तीन लाखभन्दा बढी मानिस आफ्नो घर छाड्न बाध्य भएका छन्।

सुरक्षाको खोजीमा करिब एक लाख मानिस छिमेकी इथियोपिया पुगेका छन् । प्रभावित क्षेत्रमा जनसंख्याको आवागमन निरन्तर भइरहेकाले अवस्थालाई अस्थिर र चुनौतीपूर्ण मानिएको छ।

संयुक्त राष्ट्रसंघीय शरणार्थी उच्चायुक्तको कार्यालयले अकोबो तथा आसपासका क्षेत्रमा आश्रय लिएका परिवारहरू आगामी दिनमा अझ बढी जोखिममा पर्ने जनाएको छ। भारी वर्षा बढ्दै जाँदा उनीहरू बाहिरी सहयोगबाट थप टाढिने, विभिन्न रोगको जोखिम बढ्ने तथा राहत वितरण कार्य झन् कठिन हुने चेतावनी दिइएको छ।

सन् २०११ मा स्वतन्त्रता प्राप्त गरेयता दक्षिण सुडानले पटक-पटक सशस्त्र द्वन्द्व, व्यापक विस्थापन तथा जलवायुजन्य विपद्को सामना गर्दै आएको छ।

तथ्याङ्कअनुसार हाल करिब २४ लाख दक्षिण सुडानी शरणार्थी छिमेकी मुलुकहरूमा बसिरहेका छन् भने झन्डै २० लाख मानिस आफ्नै देशभित्र विस्थापित अवस्थामा रहेका छन्।

यसैबीच सन् २०२३ को अप्रिलदेखि सुडानमा जारी युद्धका कारण दक्षिण सुडानले १३ लाखभन्दा बढी मानिसलाई आश्रय दिएको छ। तीमध्ये स्वदेश फर्किएका नागरिक, शरणार्थी तथा आश्रय खोज्ने व्यक्तिहरू रहेका छन्।

मानवीय निकायहरूले द्वन्द्व प्रभावित क्षेत्रमा तत्काल सहायता, सुरक्षा तथा राहत कार्यक्रम विस्तार गर्न अन्तर्राष्ट्रिय समुदायसँग आग्रह गरेका छन्।

# इरानसँग अझै पनि २२ प्रतिशत क्षेप्यास्त्र बाँकीः राष्ट्रपति ट्रम्प



रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शुक्रबार इरानसँग अझै पनिकरिब‘२२प्रतिशत’ क्षेप्यास्त्र बाँकी रहेको बताउनुभएको छ।

एनबीसी न्यूजको ‘मिट द प्रेस’लाई दिएको अन्तर्वार्तामा राष्ट्रपति ट्रम्पले अमेरिकाले इरानको सैन्य क्षमतालाई पूर्ण रुपमा नष्ट गरेको बताउनुभएको छ।

उहाँले भन्नुभयो, “तेहरानसँग अब आफ्नो पुरानो मिसाइल क्षमताको २१ देखि २२ प्रतिशत मात्र बाँकी छ।”

इरानसँग बाँकी रहेको क्षेप्यास्त्र भण्डारको यो अनुमान मे महिनामा ट्रम्पले दिएको १८ प्रतिशतभन्दा बढी हो। यसअघि, उहाँले इरानको युद्ध क्षमतालाई पूर्ण रूपमा नष्ट गरेको दाबी गर्दै आउनुभएको थियो।

इरानको सेनाले शुक्रबार ओमानको खाडीमा रहेका दुई अमेरिकी युद्धक जहाजमा ‘चेतावनीका लागि क्षेप्यास्त्र’ प्रहार गरेको बताएको छ।

दुई दिनअघि कुवेतले इरानको जघन्य आक्रमणको एक हिस्साका रूपमा प्रहार गरिएका ३० वटा ब्यालेस्टिक क्षेप्यास्त्र निस्क्रिय पारिएको बताएको थियो। दुई देशबीच चेतावनी र हिंसाले भड्किएको हप्तौंदेखिको जटिल वार्ताले युद्ध अन्त्य गर्ने सम्झौता गर्न असफल भएको छ।

यसैबीच, अर्को एक प्रसङ्गमा राष्ट्रपति ट्रम्पले ‘इरानसँग सम्झौतामा पुग्नुबाहेक अर्को विकल्प नभएको’ पनि बताउनुभएको छ।

उहाँले भन्नुभयो, “तिनीहरू बलियो छन र घमण्ड पनि गर्छन् किनकि त्यहाँ अझै चीज (हतियार)हरू छन्। उनीहरू आफैले इरानसँग त्यो पैमानामा हतियार छन् भन्ने कहिल्यै सोचेका थिएनन्।”

तर, ट्रम्पको यो दाबी अमेरिकी गुप्तचर निकायको रिपोर्टसँग मेल खाँदैन । न्यूयोर्क टाइम्सको एक प्रतिवेदन अनुसार गत महिना अमेरिकी सांसदहरूलाई दिइएको एक जानकारीमा इरानले ‘स्ट्रेट अफ हर्मुज’ नजिकै रहेका आफ्ना ३३ क्षेप्यास्त्र स्थानमध्ये ३० भन्दा बढी ‘अपरेशनल कन्ट्रोल’लाई पुनः स्थापित गरेको जानकारी दिइएको थियो। इरानसँग अझै पनि युद्धपूर्वको तुलनामा ७० प्रतिशत क्षेप्यास्त्र भण्डार रहेको प्रतिवेदनमा उल्लेख गरिएको थियो।

# रसुवामा ‘लाङटाङ ट्रेल रन’ प्रतियोगिता

रसुवा। हिमाली क्षेत्रको पर्यटन प्रवर्द्धन तथा लाङटाङ क्षेत्रको अन्तरराष्ट्रिय पहिचान विस्तार गर्ने उद्देश्यले रसुवामा ‘लाङटाङ ट्रेल रन’ प्रतियोगिता शुरु गरिएको छ।

रसुवा-नुवाकोट पर्यटन समाजको आयोजनामा भएको प्रतियोगिताको शनिबार लाङटाङको क्याङ्जेनमा उद्घाटन गर्दै बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले लाङ्टाङ क्षेत्रको पर्यटन विकासका लागि पदमार्ग तथा पूर्वाधार सुधार आवश्यक रहेको बताउनुभयो । उहाँले हिमाल र हिमाली वातावरण संरक्षण, जलवायु परिवर्तनका चुनौतीबीच हिउँ र हिमाली सम्पदाको संरक्षणमा सबै पक्ष जिम्मेवार बन्नुपर्ने धारणा राख्नुभयो।

मुख्यमन्त्री बानियाँले स्थानीय हावापानी अनुकूल कृषि उत्पादन वृद्धि गरी पर्यटकलाई स्वस्थ तथा सन्तुलित भोजन उपलब्ध गराउन सके पर्यटन क्षेत्र थप आकर्षक बन्ने बताउनुभयो।

समुद्र सतहबाट करिब तीन हजार ८७० मिटर उचाइमा रहेको क्याङ्जेनमा आयोजित प्रतियोगितामा सहभागी खेलाडीले क्याङ्जेनदेखि स्याफ्रुबेँसीसम्मको ३२ किलोमिटर दूरी पार गर्नुपर्नेछ। प्रतियोगितामा दुई विदेशी महिलासहित एक सय तीन खेलाडी सहभागी भएको आयोजकले जनाएको छ।

बागमती प्रदेशका संस्कृति तथा पर्यटन मन्त्री सुरेश श्रेष्ठ, आर्थिक मामिला तथा योजनामन्त्री प्रभात तामाङ तथा पर्यटन सचिव दीपेन्द्र सुवेदीलगायतको सहभागिता रहेको थियो।

पर्यटनमन्त्री श्रेष्ठले लाङटाङ क्षेत्रको प्राकृतिक सौन्दर्य, हिमाली संस्कृति र जैविक विविधतालाई विश्वसामु चिनाउन सबै सरोकारवालाबीच सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले लाङटाङ पदमार्गलाई नेपालको प्रमुख पर्यटन गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित वातावरण संरक्षण, सरसफाइ र गुणस्तरीय सेवा प्रवाहमा जोड दिनुभयो।

आर्थिक मामिलामन्त्री तामाङले स्थानीय समुदाय, पर्यटन व्यवसायी र सरोकार भएका निकायबीच सद्भाव र सहकार्यले मात्र हिमाली पर्यटनको दिगो विकास सम्भव हुने बताउनुभयो । उहाँले लाङ्टाङ भ्रमणमा आउने पर्यटकलाई आत्मीयतापूर्वक सेवा प्रदान गरी नेपालको सकारात्मक छवि निर्माण गर्न आग्रह गर्नुभयो।

खेल, पर्यटन र वातावरण संरक्षणलाई एकै सूत्रमा जोड्ने उद्देश्यले आयोजना गरिएको ट्रेल रनले हिमाली क्षेत्रको प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान पुर्याउने विश्वास गरिएको ट्रेकिङ एसोसियसन अफ नेपाल (टान) का पूर्वअध्यक्ष दीपक महतले बताउनुभयो।

रसुवा-नुवाकोट पर्यटन समाजका अध्यक्ष बलराम न्यौपानेका अनुसार यस्ता कार्यक्रमले लाङटाङ क्षेत्रलाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय पर्यटन बजारमा स्थापित गर्न थप मद्दत पुग्नेछ । यहाँ आयोजित साहसिक दौड प्रतियोगिता केवल खेलकुद गतिविधि मात्र नभई लाङटाङको प्राकृतिक सौन्दर्य, संस्कृति र पर्यटन सम्भावनालाई विश्वसामु चिनाउने प्रभावकारी माध्यमका रूपमा हेरिएको गोसाइँकुण्ड गाउँपालिका-४ का वडाध्यक्ष ढिण्डुप तामाङको भनाइ छ। रासस

# चिडियाखानालाई दश लाख सहयोग



काठमाण्डु । प्रभु शम्शेर तथा राजी राणा कोषले सदर चिडियाखानामा राखिएको चिम्पान्जीलाई भरणपोषणका लागि १० लाख प्रदान गरेको छ ।

विगत चार वर्षदेखि कोषले प्रत्येक वर्ष सोहीअनुसारको रकम सहयोग गर्दै आएको सदर चिडियाखानाले जनाएको छ ।

चिडियाखानामा ' हिस्टोरिकल थ्रिडी लायन केज म्युजियम' सञ्चालन गर्न कोषले रु १५ लाख बराबरको चेक प्रदान गरेको छ।

कोषका अध्यक्ष राजी राणाले विश्व वातावरण दिवसका अवसरमा उक्त रकम चिडियाखानाका प्रमुख सत्यनारायण साहलाई शुक्रबार हस्तान्तरण गर्नुभएको हो ।

यसैबीच, विश्व वातावरण दिवसका अवसरमा चिडियाखानामा लालीगुराँसका बिरुवा रोपिएका छन् । शुक्रबार नै 'फ्रेन्डस् अफ जु' का २५ जना विद्यार्थीलाई वातावरण संरक्षणमा उत्कृष्ट योगदान गरेबापत कार्यालय प्रमुख साहले पुरस्कार प्रदान गर्नुभयो । रासस

# नेपाल–पाकिस्तानबीच पर्वतारोहण सहकार्य विस्तारमा जोड

काठमाण्डु । इस्लामावादस्थित नेपालको राजदूतावासले शुक्रबार 'विश्वको सर्वोच्च शिखर सगरमाथाः नेपालको पहिचान र गौरव' नाराका साथ एक कार्यक्रमको आयोजना गरी ७३औँ अन्तरराष्ट्रिय सगरमाथा दिवस मनाएको छ ।

परराष्ट्रमन्त्री शिशिर खनालको सगरमाथा दिवससम्बन्धी विशेष भिडियो सन्देशबाट प्रारम्भ भएको कार्यक्रममा पाकिस्तानका लागि नेपालका राजदूत रिता धितालले सन् १९५३ मे २९ मा सगरमाथाको पहिलो सफल आरोहण भएको ऐतिहासिक दिनको स्मरण गर्दै सगरमाथा आरोहण असाधारण इच्छाशक्ति, सहनशीलता र सहकार्यको प्रतिफल भएको बताउनुभयो ।

राजदूत धितालले जलवायु परिवर्तनका कारण हिमालय क्षेत्रमा बढ्दो वातावरणीय क्षयीकरण तथा हिमनदी पग्लिने समस्याप्रति चिन्ता व्यक्त गर्दै यसको सामना गर्न प्रभावकारी अन्तरराष्ट्रिय सहकार्य आवश्यक भएको बताउनुभयो । उहाँले नेपालले सञ्चालन गरिरहेको 'क्यास फर ट्र्यास' सरसफाइ अभियानलगायत प्रयासको चर्चा गर्दै 'नेपाल वेलनेस वर्ष-२०२७' र 'भिजिट नेपाल वर्ष-२०२८' जस्ता महत्त्वपूर्ण पर्यटन अभियानमार्फत नेपाललाई दिगो तथा उच्च मूल्ययुक्त पर्यटन गन्तव्यका रूपमा स्थापित गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो ।

कार्यक्रमलाई प्रधानमन्त्रीका पर्यटन सल्लाहकार तथा राष्ट्रिय पर्यटन संयोजक



सरदार यासिर इल्यास खान, पाकिस्तान पर्यटन विकास निगम (पिटिडिसी) का प्रबन्ध निर्देशक अफ्ताब उर रहमान राना तथा अल्पाइन क्लब अफ पाकिस्तानका अध्यक्ष इरफान अरशदले पनि सम्बोधन गर्नुभएको थियो ।

उहाँहरूले नेपाल र पाकिस्तानबीच पर्वतारोहण क्षेत्रका अनुभव र अभ्यास आदानप्रदानका साथै सहकार्य विस्तारमा को महत्वमाथि जोड दिनुभएको थियो ।

त्यस अवसरमा राजदूत धितालले सगरमाथाको सफल आरोहण गरेका पाकिस्तानका चार जना आरोहीलाई सम्मान गर्नुभएको थियो । साथै,उनीहरूले आफ्ना आरोहण अनुभव सहभागीमाझ साझा गरेका थिए ।

दूतावासका काउन्सिलर पुरुषोत्तम ढुङ्गेलले नेपालको साहसिक पर्यटनका सम्भावनाबारे जानकारी दिनुभएको थियो ।

कार्यक्रममा विश्वका अग्ला हिमाल, हिमशृंखलाको मनोरम दृश्य तथा साहसिक पर्यटन गतिविधिसम्बन्धी श्रव्यदृश्य सामग्री प्रदर्शन गरिएको थियो ।

कार्यक्रममा पाकिस्तानका सगरमाथा आरोही, उच्च सरकारी अधिकारी, विभिन्न देशका राजदूत तथा उच्चायुक्त, कूटनीतिज्ञ र पर्यटन क्षेत्रका प्रतिनिधिको सहभागिता थियो । रासस

# क्यान्सरलगायत औषधिको आपूर्ति सहज बनाउन स्वास्थ्यमन्त्रीको निर्देशन

काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले हाल बजारमा अभाव देखिएका औषधिको आपूर्ति तथा व्यवस्थापनलाई सहज बनाउन निर्देशन दिनुभएको छ ।

औषधि व्यवस्था विभागको अनुगमनपछि उहाँले क्यान्सरलगायत औषधिको अभाव हुन नदिन निर्देशन दिनुभएको हो ।

उहाँले हालसम्म औषधि



आपूर्ति र वितरणको अनुमतिका लागि निवेदन पेस गरेका तर अनुमति नपाएका कम्पनीको स्थलगत निरीक्षण गरी प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभयो ।

साथै, मन्त्री मेहताले विभागको नियमन क्षमता वृद्धि गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। उहाँले विभागलाई प्रभावकारी बनाउन तत्काल गर्नुपर्ने सुधारका लागि आवश्यक स्रोतसाधन र जनशक्तिको विवरण अविलम्ब पेस गर्न आग्रह निर्देशन दिनुभएको छ।

मन्त्री मेहताले सरकारबाट निःशुल्क वितरण गरिने औषधि र स्वास्थ्य बीमाअन्तर्गत उपलब्ध गराइने औषधिको गुणस्तर परीक्षणलाई जोड दिने गरी आवश्यक व्यवस्थापन गर्न सम्बद्ध पक्षलाई निर्देशन दिनुभएको छ।

विभागका निमित्त महानिर्देशक शिवानी खड्गीले विभागका कामकारबाहीबारे जानकारी गराउनुभएको थियो । रासस

# विदेशबाट फर्केर फलफूलखेती विस्तार गर्दै लक्ष्मीप्रसाद

भोजपुर । भोजपुरको अरुण गाउँपालिका-७ ढुंगेका लक्ष्मीप्रसाद अधिकारी विदेशबाट फर्किएपछि व्यावसायिक कृषि कर्ममा सक्रिय बन्दै उदाहरणीय किसानका रूपमा स्थापित हुनुभएको छ। करिब छ वर्ष मलेसियामा रोजगारी गरेर स्वदेश फर्किएका अधिकारीले विगत पाँच वर्षदेखि फलफूलखेतीलाई मुख्य व्यवसायका रूपमा अँगाल्दै आउनुभएको हो ।

अधिकारीले अहिले २५ रोपनी क्षेत्रमा विभिन्न फलफूलका बिरुवा विस्तार गर्नुभएको छ भने बाँकी रहेको करिब सात रोपनी जमिनमा क्रमशः खेती विस्तार गर्ने योजना बनाउनुभएको छ । विदेशमा लिएको सीप, अनुभव र पुँजीलाई आफ्नै गाउँमा प्रयोग गर्दै कृषि पेसालाई दीर्घकालीन आम्दानीको भरपर्दो माध्यम बनाउने लक्ष्य लिएको उहाँले बताउनभयो ।

अधिकारीले लिची, आँप, अनार, कागती, एभोकाडो (घिउ फल), रुद्राक्षजस्ता बहुवर्षीय



फलफूलका साथै मौसमी तरकारीखेती गर्दै आउनुभएको छ । केही बिरुवाले उत्पादन दिन थालिसकेका जनाउँदै उहाँले आगामी वर्षमा सबै बिरुवाबाट आम्दानी लिन सकिने विश्वास व्यक्त गर्नुभयो ।

"अहिले केही बिरुवाबाट मात्रै आम्दानी सुरु भएको छ", अधिकारीले भन्नुभयो, "सबै बिरुवा उत्पादनमा आएपछि वार्षिक रु पाँचदेखि रु १० लाखसम्म आम्दानी गर्ने लक्ष्य राखेको छु।" विदेशी भूमिमा वर्षौंसम्म श्रम बेच्नुभन्दा आफ्नै गाउँमा केही गरौं भन्ने सोचले आफू कृषिमा लागेको उहाँले बताउनुभयो । "विदेशमा दुःख धेरै भयो। अब आफ्नै ठाउँमै केही गरेर देखाउने लक्ष्य छ", उहाँले भन्नुभयो। रासस

# सामाजिक सुरक्षा कोषमा एक खर्ब ११ अर्ब संकलन

काठमाण्डु । जलविद्युत् परियोजना, विद्युत् प्रसारण लाइन, सौर्य तथा नवीकरणीय ऊर्जा उत्पादन गर्ने उद्योगमा लगानी गर्ने गरी सामाजिक सुरक्षा कोषले कर्जा वा सहवित्तीयकरणमा लगानी गर्ने गरी प्राथमिकताका क्षेत्र निर्धारण गरेको छ । कोषमा यही जेठ २० गतेसम्म रु एक खर्ब ११ अर्ब सात करोड पाँच लाख ८५ हजार बराबरको योगदान रकम जम्मा भएको छ।

दैनिक रूपमा रकम थपिँदै गएकाले लगानीको दायरा विस्तार गर्नुपर्ने निष्कर्षमा कोष पुगेको छ । सोही आधारमा कोषले सरकारी स्वामित्वका कम्पनीसँग मिलेर जलविद्यूत् तथा नवीकरणीय ऊर्जा परियोजनामा लगानी गर्ने नीति अख्तियार गरेको छ । कोषका चार वटा प्रस्ताव आएकामा दुई वटा प्रस्तावमाथि छलफल भइरहेको छ।

मुलुकको ऊर्जा क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ कोषमा सङ्कलन भएको प्रस्तावलाई अगाडि बढाउन लागिएको छ। कोषका निर्देशक रोहित रेग्मीले लगानी विविधिकरणका लागि प्रयास भइरहेको जानकारी दिनुभयो । कोषमा जम्मा हुने रकम बैङ्क तथा वित्तीय संस्थामा राख्दा




आर्थिक विकास र समृद्धिमा योगदान हुन नसक्ने भएकाले थप क्षेत्रको खोजी गरिएको उहाँको भनाइ छ। आगामी आर्थिक वर्षको बजेटले विभिन्न कोषमा रहेको रकमलाई उपयोग गर्ने नीति अख्तियार गरेको छ।

खानीजन्य क्षेत्रअन्तर्गत स्वदेशमा 'क्लिङ्कर' उत्पादन गरी सिमेन्ट उत्पादन गर्ने परियोजनामा पनि कोषले लगानी गर्ने नीति लिएको निर्देशक रेग्मीले उल्लेख गर्नुभयो। उहाँका अनुसार कोषमा हालसम्म २३ हजार ४७६ रोजगारदाता र २९ लाख ५८ हजार ४२९ योगदानकर्ता सूचीकृत भएका छन् । कोषले कुल दाबी भुक्तानी रु २० अर्ब ४५ करोड २६ लाख १० हजार ७३८ गरेको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व दाबी रकम रु तीन अर्ब २३ करोड ५१ लाख दुई हजार ९११ बराबर रहेको छ।

दुर्घटना तथा अशक्तता सुरक्षातर्फ रकम रु २८ करोड ४४ लाख ३० हजार १८८, आश्रित परिवार सुरक्षा दाबी रकम रु ३४ करोड ९५ लाख ७३ हजार ३९८ र अवकाश दाबी रकम रु १६ करोड ५८ लाख ३५ लाख चार हजार २४१ बराबर रहेको कोषका निर्देशक रेग्मीले जानकारी दिनुभयो।

संस्थागत वा सहवित्तीयकरण कर्जामा पर्यटन क्षेत्र, निर्माण क्षेत्र, सूचना तथा प्रविधि क्षेत्र, सेवामूलक क्षेत्र, कृषि क्षेत्रमा लगानी गर्न सकिने व्यवस्था गरेको छ । सञ्चालक समितिले उपयुक्त ठानेको क्षेत्रमा पर्याप्त धितो वा जमानी लिई संस्थागत कर्जा प्रवाह गर्न सक्ने व्यवस्था गरिएको छ। कर्जा प्रवाह गर्दा तिर्ने क्षमता भएको कम्पनीलाई परियोजना स्थापना र सञ्चालनको लागि स्थिर पूँजी कर्जा, चालु पूँजी कर्जा वा चक्र कर्जा समेत प्रवाह गर्न सकिने व्यवस्था छ।

कोषले २० मेगावाटभन्दा कम क्षमताको विद्युत् परियोजनामा भने कोषले लगानी नगर्ने नीति लिएको निर्देशक रेग्मीले बताउनुभयो । विद्युत् खरिदसम्बन्धी शर्त तथा बन्देज वा कुनै समयमा प्राधिकरणले विद्युत् खरिद नगर्ने शर्त भएमा, कनेक्सन सम्झौताबमोजिमको सबस्टेसन तयार भई नसकेको परियोजनामा लगानी नगर्ने नीति रहेको उहाँले उल्लेख गर्नुभयो । उहाँका अनुसार कम्तीमा ३० प्रतिशत स्वपुँजी नभएको परियोजना, निजी कम्पनीबाट सञ्चालित परियोजना र कोषको प्राथमिकतामा नपरेको परियोजनामा पनि लगानी नगर्ने नीति छ। रासस

# इलाममा 'केचना-कञ्चनजङ्घा रेस्पोन्सिबल टुरिजम मिट'

फिक्कल । इलाममा शनिबारदेखि दुई दिने 'केचना-कञ्चनजंघा जिम्मेवार पर्यटन सम्मेलन' (केचना-कञ्चनजंघा रेस्पोन्सिबल टुरिजम मिट) शुरु भएको छ । पूर्वी नेपालको दिगो र जिम्मेवार पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले इलाम नगरपालिका नगर पर्यटन प्रवर्द्धन समितिको आयोजनामा सदरमुकामस्थित गौतमबुद्ध सभागृहमा जिम्मेवार पर्यटन सम्मेलन भएको छ।

सम्मेलनको उद्घाटन कोशी प्रदेश पर्यटन, वन तथा वातारणमन्त्री भीम पराजुलीले गर्ने कार्यक्रम तयार भएको इलाम नगरपालिका नगर पर्यटन प्रवर्द्धन समिति संयोजक सुशीला सापकोटाले जानकारी दिनुभयो । तराईदेखि हिमाली क्षेत्रसम्म फैलिएको जैविका विविधता, प्राकृतिक सम्पदा र सांस्कृतिक विशिष्टतालाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने लक्ष्यका साथ कार्यक्रम तय गरिएको उहाँले बताउनुभयो।

"हाम्रो मुख्य लक्ष्य नेपालको सबैभन्दा होचो भूभाग केचना र विश्वको तेस्रो अग्लो शिखर कञ्चनजङ्घालाई एउटै पर्यटकीय करिडोरका रूपमा विकास गर्ने, प्रचारप्रसारमार्फत पर्यटन प्रवर्द्धन गर्ने हो", संयोजक सापकोटाले भन्नुभयो, "तराईदेखि हिमाली क्षेत्रसम्म फैलिएको जैविका विविधता, प्राकृतिक सम्पदा र सांस्कृतिक विशिष्टतालाई एकीकृत रूपमा प्रवर्द्धन गर्ने लक्ष्य छ।"

आइतबारसम्म सञ्चालन हुने सम्मेलनमा नेपाल र भारतका पर्यटन व्यवसायी, संस्कृति अध्येता, वातावरणविद्, जनप्रतिनिधि र सरोकार भएका निकायका प्रतिनिधि सहभागी हुनेछन् । उहाँका अनुसार सम्मेलनमा



जिम्मेवार पर्यटन, जैविक विविधता, वातावरणीय सन्तुलन, स्थानीय समुदायको सहभागिता एवं हरित अर्थतन्त्रका विषयमा राष्ट्रिय र अन्तरराष्ट्रिय विज्ञहरूबीच छलफल हुनेछ।

आयोजकले सार्वजनिक गरेको कार्यतालिकाअनुसार कार्यक्रमको पहिलो दिन शनिबार ल्याण्डरोभर र्‍याली, सांस्कृतिक झाँकीसहित र्‍याली, विभिन्न डकुमेन्ट्री प्रदर्शनी, सांस्कृतिक कार्यक्रम र पर्यटनसँग सम्बन्धित विभिन्न विषयमा एकल प्रस्तुति तथा सामूहिक छलफल हुनेछन्।

एकल प्रस्तुतिअन्तर्गत 'सीमा पार पर्यटन र पर्यटनमा वन्यजन्तु' विषयमा अर्जुन कार्की, 'केचना कञ्चनजङ्घा क्षेत्रका पदमार्गका रुटहरू र सम्भावना' विषयमा डा प्रनिल उपाध्याय, 'केचना कञ्चनजङ्घा करीडोरमा रेडपाण्डाको अवस्था' विषयमा रेपाण्डा नेटवर्कका इलाम संयोजक राम रिमाल र 'केचना कञ्चनजङ्घा क्षेत्रका पर्यटकीयस्थल' विषयमा केशव घ्यौरालीको प्रस्तुति रहने संयोजक सापकोटाले जानकारी दिनुभयो।

सामूहिक छलफलअन्तर्गत 'सीमापार पर्यटनः स्थानीयदेखि वैश्विक अवसरहरू' विषयमा पश्चिम बङ्गालका राज वासु, पर्यटनकर्मी सदीक्षा कार्की, नेपाल पर्यटन बोर्डका सूर्य थपलिया, इलामका केदार शर्माबीच छलफल हुनेछ । छलफलमा पत्रकार सुजन तिम्सिनाले सहजीकरण गर्नुहुनेछ।

त्यस्तै इलाम परिचर्चाअन्तर्गत लेखक तथा पर्यट व्यवसायी वासुदेव बरालको कृति 'कोशी गन्तव्य, अनुभव र सम्भावना' बाट 'आकाश जाने बाटो' र 'सुन्तलामुनिको डिनर' विषयमा साहित्यकार प्रकाश थाम्सुहाङले परिचार्ता गर्नुहुने कार्यक्रम तय भएको आयोजकले जनाएको छ।

दोस्रो दिन आइतबार वन्यजन्जुसम्बन्धी जानकार नेत्र कार्कीको 'विटुवि', प्रोफेसर निरोज श्रेष्ठको 'हस्पिटालिटी', प्राध्यापक राजेन्द्र बरालको 'पर्यटनमा जिम्मेवारीता' र भारतका सेफ साइकुमार शर्माको ' पाककला' सम्बन्धी प्रस्तुति रहनेछ।

त्यस्तै 'पर्यटनमा हरित लगानीः दिगो पर्यटनका लागि वित्तीय साझेदारी' विषयमा पर्यटन कार्यालय काँकडभिट्टाका प्रमुख छविलाल खतिवडा, नेपाल ट्राभल्स एण्ड टुर एसोसिएसन कोशीका अध्यक्ष पुन्य भट्टराई, उद्योग वाणिज्य सङ्घ कोशीका पर्यटन विभाग अध्यक्ष भबेस श्रेष्ठ, होटल एसोसिएसन कोशीका अध्यक्ष राजन श्रेष्ठ, होटल व्यवसायी सङ्घ कोशी अध्यक्ष राजन दङ्गाल र जिल्ला सहकारी सङ्घ इलाम अध्यक्ष लिलाप्रसाद थापाबीच छलफल हुनेछ । छलफलमा पत्रकार सुदीप श्रेषठले सहजीकरण गर्नुहुनेछ।

त्यस्तै 'केचनादेखि कञ्चनजङ्घाः होचोदेखि अग्लो पर्यटकीय करिडोर र नेपाल सरकारको नीति' विषयमा प्रतिनिधिसभाका सांसदहरू इलामका निश्कल राई, पाँचथरका नरेन्द्र केरुङ र ताप्लेजुङका तिलकुमार मेन्याङ्बोबीच छलफल हुनेछ। छलफलमा पत्रकार भीम चापागाईंले सहजीकरण गर्नुहुनेछ।

कार्यक्रमबाट पूर्वी नेपालको पर्यटन विकासका लागि दीर्घकादीन रणनीति तया गर्ने अपेक्षा रहेको आयोजकका सहसंयोजक देवीप्रसाद पौडेलले बताउनुभयो। "पर्यटकको सत्_या बढाउने मात्र नभई पर्यटनको माध्यमबाट स्थानीय समुदायले प्राप्त गर्ने लाभ, प्राकृतिक सम्पदाको संरक्षण र सांस्कृतिक सम्मानलाई केन्द्रमा राखेर कार्यक्रम आयोजना गरिएको छ", उहाँले भन्नुभयो, "तराई, पहाड र हिमललाई जोड्ने यो अवधारणाले पूर्वी नेपालको पर्यटनलाई अन्तरराष्ट्रियस्तरमा चिनाउने विश्वास लिएका छौं।"

कार्यक्रममा जिम्मेवार पर्यटन र हरित अर्थतन्त्रबारे प्यानल छलफलसँगै, पूर्वी नेपालको भूगोल झल्काउने 'ल्यान्डस्केप ग्यालरी', तस्विर तथा श्रव्यदृश्य प्रदर्शनी, स्थानीय कला तथा सांस्कृतिक प्रस्तुति, स्थानीय कला, हस्तकला प्रदर्शनी र इलामेली परिकारको प्रदर्शनी एवं बिक्री कक्षा सञ्चालन गरिने आयोजकका सचिव अर्जुन पोखलले जानकारी दिनुभयो । कार्यक्रमअन्तर्गत इलामका प्रमुख पर्यटकीय गन्तव्यहरू माईपोखरी, छिन्टापु, सन्दकपुरलगायतको अवलोकन भ्रमणसमेत व्यवस्था गरिएको उहाँले उल्लेख गर्नुभयो ।रासस

# लामाखेतमा बस्ती संरक्षण योजना निर्माण



म्याग्दी । जिल्ला सदरमुकाम बेनीबजारसँगै रहेको पर्वतको जलजला गाउँपालिकाको केन्द्र लामाखेतमा बाढी, पहिरोबाट बस्ती संरक्षण गर्ने योजना निर्माण भएको छ।

लामाखेतस्थित जलजला गाउँपालिकाको कार्यालय, बस्ती र सार्वजनिक सम्पत्तीलाई कालीगण्डकीमा आउने बाढी तथा कटानबाट बचाउनका लागि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना कार्यालय पोखराले योजना निर्माण गरेको हो ।

कुश्मा नगरपालिका-४ स्थित अर्मादी र जलजला गाउँपालिकाको लामाखेतमा १२९ मिटर लामो 'कम्पोजित' प्रविधिको पर्खाल निर्माणका लागि रु चार करोड ८३ लाख १० हजार ५६८ लागत अनुमान गरेर ठेक्का आह्वान भएको आयोजना कार्यालयका इन्जिनियर नरजङ गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार विसं २०८२ असारमा रु दुई करोड ९६ लाख ३४ हजार ८३७ मा नकुल-बिआरटी-शाय जेभीले ठेक्का सम्झौता गरेको छ।

इन्जिनियर गुरुङले भुइँमा चार मिटर चौडाइ भएको तीन मिटर अग्लो कङ्क्रिट र त्यसमाथि ग्याबिन लगाएर 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण भएको बताउनुभयो । उहाँका अनुसार कार्यालयमार्फत बेनीसहित म्याग्दी र कालीगण्डकी नदी कटानका कारण जोखिममा परेका बजार तथा बस्ती संरक्षणका लागि म्याग्दी, पर्वत र मुस्ताङका गरी छ वटा बहुवर्षीय नदी नियन्त्रण तथा बस्ती संरक्षण योजना निर्माणाधीन छन् । रासस

# जग्गाधनी पुर्जाको माग गर्दै आन्दोलन



**टुडे समाचारदाता**

राजविराज।दशकौँदेखिसप्तरीको राजविराज नगरपालिकाभित्रका बिटौरी जग्गामा बसोवास गर्दै आएका हजारौँ परिवार जग्गाधनी पुर्जाको माग गर्दै आन्दोलनरत रहेका बेला सोही प्रकृतिको जग्गामा केही व्यक्तिले भने जग्गाधनी पुर्जा प्राप्त गरेको प्रमाण सार्वजनिक भएपछि विवाद थप चर्किएको छ।

नगरपालिकामा तालाबन्दी र धर्ना कार्यक्रम सञ्चालन गरिरहेका आन्दोलनकारीहरूले नापी कार्यालयले केही व्यक्तिलाई जग्गाधनी प्रमाणपत्र वितरण गरेको दाबी गर्दै सम्बन्धित कागजात सार्वजनिक गरेका हुन्। सार्वजनिक गरिएको कागजात अनुसार राजविराज-७ स्थित एक जग्गा २०८१ माघ ६ गतेको सिफारिसका आधारमा निजी व्यक्तिको नाममा दर्ता गरिएको देखिन्छ।

जग्गाधनी पुर्जाको माग गर्दै आन्दोलन गरिरहेका नगरवासीहरूले एउटै प्रकृतिको जग्गामा केही व्यक्तिले पुर्जा पाउने तर हजारौँ परिवार भने दशकौँदेखि अधिकारविहीन अवस्थामा बस्न बाध्य हुनु विभेदपूर्ण व्यवहार भएको आरोप लगाएका छन्।

नगरवासीका तर्फबाट गठित जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले आर्थिक चलखेलका आधारमा केही व्यक्तिलाई पुर्जा वितरण गरिएको आशंका व्यक्त गर्दै त्यसको निष्पक्ष छानबिन हुनुपर्ने माग गरे। उनले नापी कार्यालयले अपनाएको प्रक्रियाअनुसार सबै योग्य बासिन्दालाई पनि जग्गाधनी पुर्जा उपलब्ध गराउनुपर्ने बताए।

यता, नापी कार्यालय राजविराजका प्रमुख शत्रुघन यादवले बिटौरी जग्गा सरकारी स्वामित्वअन्तर्गत पर्ने भएकाले सामान्य अवस्थामा त्यसको पुर्जा दिन नमिल्ने स्पष्ट पारे। यदि कसैले तथ्य लुकाएर वा त्रुटिपूर्ण सिफारिसका आधारमा पुर्जा लिएको पाइए त्यस्तो दर्ता बदर हुन सक्ने उनले बताए।

राजविराज नगरपालिकाले विगतदेखि बिटौरी जग्गाको राजस्व संकलन गर्दै आए पनि नापी कार्यालयको पुरानो अभिलेखमा ती जग्गा गाउँब्लक अन्तर्गत उल्लेख भएको तथ्यले विवादलाई थप जटिल बनाएको छ।

जग्गाधनी पुर्जाको माग गर्दै सुरु भएको आन्दोलन अहिले झन् सशक्त बन्दै गएको छ। नगरपालिकामा गरिएको तालाबन्दी छैटौं दिन र धर्ना कार्यक्रम १६ औं दिनमा प्रवेश गरेको छ। आन्दोलनकारीहरूले थप सात दिनका आन्दोलनका कार्यक्रम सार्वजनिक गर्दै सिटी जुलुस, लाठी जुलुस, झाडु जुलुस, मोटरसाइकल ¥याली, अर्धनग्न प्रदर्शन, कार्यालय बन्द तथा मसाल जुलुसदेखि अनिश्चितकालीन राजविराज बन्दसम्मका कार्यक्रम घोषणा गरेका छन्।

आन्दोलनका कारण राजविराज नगरपालिकाको नियमित सेवा प्रभावित भएको छ। विकास योजनाको सम्झौता, अनुगमन, मूल्याङ्कन, भुक्तानी प्रक्रिया तथा सरसफाइजस्ता सेवा प्रभावित बनेका छन्। कार्यवाहक नगर प्रमुख इसरत परवीनले नगरपालिकाले आफ्नो तर्फबाट आवश्यक सिफारिस गरिसकेको उल्लेख गर्दै आन्दोलनरत पक्षलाई तालाबन्दी खोल्न आग्रह गरेकी छन्।

# २० प्रतिशत पनि बजेट खर्च भएन




**टुडे समाचारदाता**

जनकपुरधाम। चालु आर्थिक वर्ष २०८२/८३ को अन्त्यतिर पुग्दा पनि मधेश प्रदेश सरकारले बजेट कार्यान्वयनमा उल्लेख्य प्रगति गर्न सकेको छैन।

प्रदेश सरकारले विनियोजन गरेको कुल बजेटको १९ दशमलव ४ प्रतिशत मात्रै खर्च भएको तथ्यांक सार्वजनिक भएको छ। अर्थ मन्त्रालयले सार्वजनिक गरेको वित्तीय विवरणअनुसार चालु आर्थिक वर्षका लागि विनियोजित ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजार रुपैयाँमध्ये जेठ २१ गतेसम्म ९ अर्ब ११ करोड ९५ लाख ७५ हजार रुपैयाँ मात्र खर्च भएको छ।

अर्थमन्त्री युवराज भट्टराईले कुल खर्चमध्ये चालुतर्फ ५ अर्ब ३२ करोड ४४ लाख ८४ हजार रुपैयाँ खर्च भएको छ भने पुँजीगततर्फ ३ अर्ब ७९ करोड ५० लाख ९१ हजार रुपैयाँ खर्च भएको जानकारी दिएका छन्।

तथ्यांक अनुसार जेठ १३ गतेसम्म प्रदेश सरकारको कुल खर्च ८ अर्ब ७५ करोड ७६ लाख १४ हजार रुपैयाँ रहेको थियो। त्यसयता आठ दिनको अवधिमा खर्चमा ३६ करोड ४२ लाख रुपैयाँले वृद्धि भएको देखिएको छ। यस अवधिमा चालु खर्च करिब ९ करोड ७४ लाख रुपैयाँले बढ्दा पुँजीगत खर्चमा करिब १८ करोड ७८ लाख रुपैयाँको वृद्धि भएको छ।

बजेट खर्च हुन नसक्नुको प्रमुख कारण भौतिक संरचनातर्फ गिट्टी, बालुवा, ईटा, फलामको एक्कासी मूल्यवृद्धि हो। मूल्य समायोजन र दररेट बढाउनुपर्ने माग गर्दै अधिकांश निर्माण व्यवसायी कामकाज छाडेर आन्दोलनमा छन्। त्यसले बजेट खर्चमा बढी असर पारेको देखिन्छ। यही अवस्था कायम रहयो भने ५० प्रतिशतसम्म पनि बजेट खर्च हुन सक्ने अवस्था छैन।

आर्थिक वर्ष समाप्त हुन एक महिनाभन्दा कम समय बाँकी रहँदा पनि बजेट खर्चको गति सुस्त देखिएको छ। विशेषगरी विकास निर्माणसँग सम्बन्धित पुँजीगत खर्च अपेक्षाअनुसार बढ्न नसक्दा बजेट कार्यान्वयनको प्रभावकारितामाथि प्रश्न उठ्न थालेको छ।

अर्थमन्त्री भट्टराईले जिम्मेवारी सम्हालेपछि प्रदेश सरकारको खर्च विवरण साताको आधारमा सार्वजनिक गर्न थालेका छन्। मन्त्रालयले नियमित रूपमा सार्वजनिक गर्ने यस्ता विवरणले प्रदेश सरकारको वित्तीय अनुशासन र बजेट कार्यान्वयनको अवस्थाबारे नागरिकलाई जानकारी दिन सहयोग पुग्ने उनले जनाएको छ।

## मन्त्रालय घटाउने प्रक्रिया अघि बढाइयो

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेश सरकारले मन्त्रालयको संख्या घटाउने प्रक्रिया अघि बढाएको छ। भौगोलिक रूपमा सानो र आठ जिल्लामा सीमित प्रदेशमा मन्त्रालयको संख्या बढी भएको भन्दै प्रशासनिक खर्च घटाउने र मितव्ययिता कायम गर्ने उद्देश्यसहित मन्त्रालय पुनर्संरचनाको प्रक्रिया अघि बढाइएको बुझिएको छ।

मन्त्रालय पुनर्संरचनाका लागि मधेश प्रदेशका अर्थमन्त्री युवराज भट्टराईको संयोजकत्वमा तीन सदस्यीय कार्यदल गठन गरिएको छ। कार्यदलको सदस्यमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयकी सचिव पार्वती शर्मा र ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयका सचिव होमनाथ पौडेल रहेका छन्।

कार्यदललाई हालको मन्त्रालय संरचना अध्ययन गरी आवश्यकताअनुसार घटाउने तथा पुनःसंरचनाको खाका तयार गर्ने जिम्मेवारी दिइएको छ। सोही प्रतिवेदनका आधारमा प्रदेश सरकारले अन्तिम निर्णय गर्ने जनाएको छ।

हाल १२ वटा मन्त्रालय सञ्चालनमा रहेको मधेश प्रदेशमा अब संख्या घटाएर ९ वटामा सीमित गर्ने प्रारम्भिक तयारी बताइएको छ।

यसअघि गठबन्धनभित्रका दलहरूलाई व्यवस्थापन गर्दै सत्ता टिकाइ राख्न मन्त्रालयको संख्या क्रमशः बढाइएको भन्दै आलोचना हुँदै आएको थियो। त्यसको प्रत्यक्ष प्रभाव प्रशासनिक खर्च वृद्धि र संरचनागत असन्तुलनमा परेको टिप्पणी पनि हुँदै आएको छ। प्रदेश सरकारका अनुसार नयाँ संरचनाले सरकारी खर्च घटाउने, सेवा प्रवाह प्रभावकारी बनाउने तथा प्रशासनिक कार्यलाई चुस्त बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ। मन्त्रालयहरूको कार्यक्षेत्र दोहोरोपन हटाउने र कार्यसम्पादन क्षमता बढाउने उद्देश्य पनि राखिएको छ।

प्रदेश सरकार गठनपछि मन्त्रालय विस्तार गर्दै लगिएको विषयमा लामो समयदेखि प्रश्न उठ्दै आएको थियो। विशेषगरी सीमित स्रोतसाधन भएको प्रदेशमा मन्त्रालयको संख्या बढ्दा आर्थिक भार बढेको र नीति कार्यान्वयन कमजोर भएको आलोचना हुँदै आएको छ। मन्त्रालय घटाउने सत्ता गठबन्धन दलबीच सरकार गठन अघि नै सहमति गरिएको थियो।

# सडक अतिक्रमण खाली गराइदै

**टुडे समाचारदाता**

जनकपुरधाम। महोत्तरीको पिपरामा सडक अधिकार क्षेत्रभित्र पर्ने अतिक्रमित जमिन खाली गराउने अभियान तीव्र पारिएको छ।

लामो समयदेखि सडक सीमाभित्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन सम्बन्धित निकायले डोजर परिचालन गरेको हो। सडक विस्तार तथा यातायात सहज बनाउनका लागि सडक छेउमा बनेका अवैध संरचना र कब्जा गरिएका जग्गा खाली गराउने कार्य अघि बढाइएको स्थानीय प्रशासनले जनाएको छ।



अभियानका क्रममा केही स्थानमा पसल, पर्खाल तथा अस्थायी संरचनाहरू हटाइएको छ। वर्षौंदेखि सडक सीमाभित्र अतिक्रमण बढ्दै जाँदा सवारी आवागमनमा समस्या उत्पन्न हुनुका साथै दुर्घटनाको जोखिम समेत बढ्दै गएको थियो। विशेषगरी व्यापारिक क्षेत्र आसपास सडक साँघुरिँदा जाम र दुर्घटनाको सम्भावना उच्च बनेको स्थानीयवासी बताउँछन्।

अभियानका क्रममा सुरक्षाकर्मी र स्थानीय प्रशासनको उपस्थितिमा अतिक्रमित संरचना हटाइएको हो। सम्बन्धित निकायले पटक पटक सूचना जारी गर्दा पनि अतिक्रमण नहटाइएकाले बाध्य भएर डोजर चलाउनुपरेको जनाइएको छ।

स्थानीय प्रशासनले सडक विस्तार र व्यवस्थित यातायातका लागि अतिक्रमण हटाउने अभियानलाई निरन्तरता दिने जनाएको छ। साथै, भविष्यमा पुनः अतिक्रमण हुन नदिन कडा निगरानी राखिने समेत बताइएको छ।

# निर्देशन विपरित कर्मचारी भर्ना

**टुडे समाचारदाता**

वीरगञ्ज। नयाँ कर्मचारी भर्ना नगर्न स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले निर्देशन जारी गरेको अवस्थामा वीरगञ्जस्थित नारायणी अस्पतालले दैनिक ज्यालादारीमा ९ जना कर्मचारी नियुक्त गरेको तथ्य सार्वजनिक भएको छ।

अस्पतालको प्रशासन शाखाको अभिलेख अनुसार गत वैशाख १५ गते विभिन्न प्राविधिक तथा सहायक पदमा कर्मचारी भर्ना गरेको बुझिएको छ। अस्पतालले स्टाफ नर्स पाँचौं तहमा अर्चना शर्मा, रिंकु चौरसिया, नेहा सर्राफ र पुष्पाकुमारी साहलाई नियुक्त गरेको छ।

त्यस्तै, एनेस्थेसिया सहायकमा उमेशकुमार कुशवाहा, अजय साह र अर्जुन बैठा, अपरेसन सहायकमा अनिलकुमार पटेल तथा कार्यालय सहयोगीमा अनिताकुमारी तेलीलाई दैनिक ज्यालादारीमा काममा लगाइएको अभिलेखमा उल्लेख छ।

सरकारले कर्मचारी व्यवस्थापन तथा खर्च नियन्त्रणका लागि नयाँ नियुक्तिमा रोक लगाएको अवस्थामा अस्पतालले नियुक्ति प्रक्रिया अघि बढाएको विषयले अस्पतालभित्रै चर्चा र विवाद निम्त्याएको छ। केही कर्मचारीहरूले निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. चितरञ्जन साहले आवश्यकताभन्दा बढी आफ्ना निकट व्यक्तिहरूलाई प्राथमिकता दिएर भर्ना गरेको आरोप लगाएका छन्।

अस्पताल स्रोतका अनुसार अपरेसन सहायक पदमा नियुक्त भएका अनिलकुमार पटेल डा. साहसँग सम्बन्धित निजी स्वास्थ्य संस्था 'सर्वोत्तम अस्पताल' मा समेत कार्यरत छन्। स्रोतले पटेल नारायणी अस्पतालमा नियमित रूपमा उपस्थित नहुने र अधिकांश समय निजी अस्पतालमै काम गर्ने गरेको दाबी गरेको छ।

यता, निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. साहले भने नियुक्ति आवश्यकताका आधारमा गरिएको दाबी गरेका छन्। उनका अनुसार नियुक्त कर्मचारीहरूको पारिश्रमिक अस्पताल विकास समितिको स्रोतबाट नभई 'आमा सुरक्षा कार्यक्रम' अन्तर्गत प्राप्त बजेटबाट व्यवस्थापन गरिने उनको भनाई छ।

# विद्युत कटौतीले जनजीवन कष्टकर

**टुडे समाचारदाता**

जनकपुरधाम। अत्यधिक गर्मी बढिरहेका बेला अनियमित विद्युत् कटौतीले सर्वसाधारणको जनजीवन थप कष्टकर बनेको छ। दिनहुँ पटक पटक विद्युत् आपूर्ति अवरुद्ध हुन थालेपछि स्थानीयवासीले विद्युत प्राधिकरण वितरण केन्द्रप्रति असन्तुष्टि व्यक्त गरेका छन्।



पछिल्ला केही सातादेखि जनकपुरधाम तथा आसपासका क्षेत्रहरुमा बिना पूर्वसूचना लामो समयसम्म विद्युत् आपूर्ति बन्द हुने क्रम बढेको उपभोक्ताहरूको गुनासो छ। अत्यधिक तापक्रमका कारण नागरिकहरू घरभित्र समेत बस्न कठिनाइ भइरहेको अवस्थामा विद्युत् कटौतीले समस्या झन् जटिल बनाएको उनीहरूको भनाइ छ।

विशेषगरी ज्येष्ठ नागरिक, बालबालिका, बिरामी तथा दैनिक घरमै बस्नुपर्ने व्यक्तिहरू बढी प्रभावित भएका छन्। गर्मीबाट राहत पाउन पंखा, कुलर तथा अन्य विद्युतीय उपकरणको प्रयोग बढिरहेका बेला पटक पटक बत्ती जाने समस्याले उनीहरूलाई सास्ती थपिएको छ।

विद्युत् अवरुद्ध हुँदा खानेपानी वितरण प्रणाली, इन्टरनेट सेवा, शैक्षिक गतिविधि तथा दैनिक प्रशासनिक कामकाजसमेत प्रभावित बन्न थालेका छन्। स्थानीय व्यवसायीहरूका अनुसार अनियमित विद्युत् आपूर्तिले व्यापार व्यवसाय सञ्चालनमा समेत प्रतिकूल असर पारेको छ। विशेषगरी कम्प्युटर, इन्टरनेट र विद्युतीय उपकरणमा आधारित व्यवसायले आर्थिक क्षति व्यहोर्नुपरेको गुनासो छ।

स्थानीयवासीहरूले वितरण केन्द्रले मर्मत सम्भार वा प्राविधिक समस्या भए त्यसबारे समयमै जानकारी नदिने गरेको आरोप लगाएका छन्। कुनै पूर्वसूचना बिना घण्टौंसम्म लाइन काटिँदा उपभोक्ताहरू अन्योलमा पर्ने गरेका छन्।

साना उद्योग, सेवा प्रदायक संस्था तथा व्यापारिक प्रतिष्ठानहरूले समेत विद्युत् आपूर्ति नियमित नहुँदा उत्पादन र सेवा प्रवाह प्रभावित भएको बताएका छन्। बारम्बारको विद्युत् अवरोधले व्यवसाय सञ्चालन खर्च बढ्नुका साथै ग्राहक सेवा प्रभावित हुने गरेको उनीहरूको भनाइ छ।

उपभोक्ताहरूले विद्युत् आपूर्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाउन, अनावश्यक कटौती नियन्त्रण गर्न तथा मर्मत वा प्राविधिक कामका कारण लाइन बन्द गर्नुपर्ने भए पूर्वसूचना जारी गर्न माग गरेका छन्। चर्को गर्मीका बेला भइरहेको लामो समयको विद्युत् अवरोधले जनस्वास्थ्य र दैनिक जीवनमा प्रत्यक्ष असर परेकाले सम्बन्धित निकायले तत्काल समस्या समाधान गर्नुपर्ने उनीहरूको जोड छ।

गर्मीको तीव्रता बढ्दै जाँदा विद्युत् आपूर्तिमा देखिएको समस्या समाधान नभए सर्वसाधारणको दैनिकी थप कष्टकर बन्ने भन्दै स्थानीयवासीले नेपाल विद्युत् प्राधिकरणविरुद्ध आन्दोलनमा जाने जनकपुरधाम क्षेत्रका स्थानीयहरु बताउंछन्।

# मोबाइल नष्ट गरिएकोमा चौतर्फी आलोचना

**टुडे समाचारदाता**

लहान। सिरहा प्रहरीले गत चैतमा सम्पन्न माध्यमिक शिक्षा परीक्षा (एसईई) तथा वैशाखमा सम्पन्न कक्षा १२ को परीक्षाका क्रममा जिल्लाका विभिन्न परीक्षा केन्द्रबाट जफत गरिएका करिब पाँच सय थान मोबाइल फोन नष्ट गरिएपछि चौतर्फी आलोचना शुरु भएको छ।



अभिभावकहरूले ती फोनमा सुरक्षित रहेका महत्त्वपूर्ण कागजात, फोटो तथा सम्पर्क विवरण समेत गुमाउनुपरेको भन्दै असन्तुष्टि जनाएका छन् भने सामाजिक सञ्जालमा हरेक क्षेत्रबाट परीक्षा केन्द्रबाट जफ्त गरिएका मोबाइल उचित नरहेको भनी आलोचना भइरहेको छ।

अभिभावकहरूले परीक्षा सम्पन्न भएपछि मोबाइल फिर्ता गरिदिन वा कम्तीमा नष्ट नगर्न पटक पटक आग्रह गरे पनि प्रशासन र शिक्षा विकास तथा समन्वय इकाइले सुनुवाइ नगरेको आरोप लगाएका छन्।

उनीहरूको भनाइमा परीक्षा हलमा मोबाइल लैजान नपाउने कडा व्यवस्था मिलाइएको भए समस्या नै उत्पन्न हुने थिएन। तर, मोबाइल जफत गरेर सिधै नष्ट गर्नु गैरजिम्मेवार निर्णय हो। मोबाइलमा अधिकांश व्यक्तिले बैंक खातादेखि विभिन्न आवश्यक डकुमेन्टहरु राख्छन ती नष्ट पार्नु भनेको सम्बन्धित व्यक्तिको सम्पति नै नष्ट पार्नु हो। कानूनी र व्यवहारिक कुनै रुपमा यो उचित नरहेको उनीहरुको ठम्याईछ।

गोलबजारका अभिभावक तारकेश्वर यादवले मोबाइलमा सुरक्षित रहेको आफ्ना भान्जाको जन्मदर्ताको फोटो तथा पारिवारिक सम्झनासँग जोडिएका तस्बिरहरू समेत नष्ट भएको बताए।

'मूल कागजात हराएपछि मोबाइलमा राखिएको जन्मदर्ताको फोटो नै आधार थियो। अहिले पुनः कागजात बनाउन झन्झट बेहोर्नुपरेको छ,' उनले भने। उनले विद्यालय प्रशासन र जिल्ला प्रशासन कार्यालयमा पुगेर मोबाइल फिर्ताको पहल गर्न खोजे पनि कुनै सुनुवाइ नभएको गुनासो गरे। मोबाइल जफत भएकी एक विद्यार्थीले परीक्षा अवधिमा आफू मानसिक तनावमा परेको बताइन्। 'मोबाइलमा आफन्तका धेरै नम्बर थिए। घरमा के हुन्छ भन्ने चिन्ता लाग्यो। केही दिन निकै तनाव भयो,' उनले भनिन्।

अर्का एक अभिभावकले परीक्षा हलमा चिटचोरी नगरेका विद्यार्थीहरूको मोबाइल समेत जफत गरी नष्ट गरिएको भन्दै आपत्ति जनाए। 'गल्ती गरेको भए कारबाही स्वीकार्य हुन्थ्यो। तर, मोबाइल साथमा भएकै कारण फोन नष्ट गर्नु उचित होइन,' उनले भने। उनका अनुसार मोबाइलमा रहेका परिवारका फोटो र भिडियोहरू पनि सँगै नष्ट भएका छन्।

यस विषयमा लहान नगरपालिकाका प्रमुख महेश प्रसाद चौधरीले केही अभिभावकहरूले आफूलाई भेटेर मोबाइल फिर्ता गराउन पहल गरिदिन आग्रह गरेको जानकारी दिए। उनले भने, 'मोबाइल जफत गर्ने वा नष्ट गर्ने विषय परीक्षा व्यवस्थापनसँग सम्बन्धित निर्णय हो। स्थानीय तहले प्रत्यक्ष रूपमा निर्णय गर्ने विषय होइन।'

शिक्षक महासंघका पूर्वअध्यक्ष बाबुराम थापाले परीक्षा केन्द्रभित्र मोबाइल लैजान नपाइने नियम स्वभाविक भएपनि जफत गरिएका मोबाइल नष्ट गर्नु कठोर र असान्दर्भिक कदम भएको टिप्पणी गरेका छन्। उनका अनुसार परीक्षा अनुशासन कायम गर्न अन्य वैकल्पिक उपाय अपनाउन सकिने अवस्था थियो।

मोबाइल नष्ट गर्ने निर्णयपछि अभिभावक र विद्यार्थीहरूबीच असन्तुष्टि बढ्दै गएको छ भने जफत गरिएका सामग्री व्यवस्थापनबारे स्पष्ट र मानवीय नीति आवश्यक रहेको आवाज उठ्न थालेको छ।

# भन्सार छलीका सामग्री र पिकअप बरामद

**टुडे समाचारदाता**

रौतहट। रौतहटमा प्रहरीले भन्सार छली गरी ल्याइएका सामानसहित पिकअप गाडी नियन्त्रणमा लिएको छ। बरामद सामानसहित सवारी साधनलाई आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रहरीले जनाएको छ।



ईलाका प्रहरी कार्यालय गंगापिपराबाट खटिएको टोलीले दुर्गाभवती गाउँपालिका-३ स्थित झाँझ पुल नजिक चेकजाँच गर्ने क्रममा भारतबाट अवैध रूपमा ल्याइँदै गरेको सवा २ लिटरको ८१ बोतल माउन्टेन डिउ बरामद गरेको हो।

त्यसैगरी, ईलाका प्रहरी कार्यालय कोपावा पिपरियाको गस्ती टोलीले बौधिमाई नगरपालिका-५ बमनहरमा गरेको चेकजाँचका क्रममा प्रदेश २-०३-००१ च २७२१ नम्बरको पिकअप गाडीमा ३ हजार किलो भारतीय गुड फेला पारेको प्रहरीले जनाएको छ। प्रहरी टोली देख्नासाथ गाडीका चालक फरार भएका थिए।

जिल्ला प्रहरी प्रवक्ता डिएसपी बसन्त गौतमका अनुसार बरामद सामानको अनुमानित मूल्य करिब १ लाख ५० हजार रुपैयाँ र पिकअप गाडीको मूल्य २० लाख रुपैयाँ रहेको छ। बरामद सामान तथा सवारी साधनलाई आवश्यक कारबाहीका लागि शनिबार जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको प्रवक्ता डिएसपी गौतमले जानकारी दिएका छन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८